
# बाल सामाजिक तथा वित्तीय शिक्षा

# विद्यार्थी सिकाइ सामग्री




unicef

SAMUNNAT NEPAL

प्रकाशक : समुन्नत नेपाल
एकता मार्ग, अनामनगर, काठमाडौँ

© सर्वाधिकार प्रकाशकमा

प्रथम संस्करण : २०७१

सहयोग : युनिसेफ नेपाल

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
(..................................................शाखा/एकाइ)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७

सानोठिमी, भक्तपुर
Email: info@moescdc.gov.np
www.moescdc.gov.np

प. सं.
च. नं .........................

२०७१ माघ २१

## मन्तव्य

शिक्षा मन्त्रालय, शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र तथा अन्य निकायहरूसँगको सहकार्यमा **'बाल सामाजिक तथा वित्तीय शिक्षा'** कार्यक्रम परीक्षणका रूपमा समुन्नत नेपालले सञ्चालन गरिरहेको छ ।

पाठ्यक्रम विकास केन्द्रले विद्यमान कक्षा ९ को परिमार्जित पाठ्यक्रममा बाल सामाजिक तथा वित्तीय शिक्षा सम्बन्धी विषयवस्तुहरू समावेश गरिसकेको छ । परीक्षणका रूपमा सङ्खुवासभा, लम्जुङ, रौतहट, सुर्खेत र डोटी जिल्लाका ३/३ ओटा गरी १५ ओटा माध्यमिक विद्यालय र सोही जिल्लाका १/१ ओटा गरी ५ ओटा खुला विद्यालय समेतमा बाल सामाजिक तथा वित्तीय शिक्षाका विषयवस्तुहरू चालु शैक्षिक सत्रमा कक्षा ९ र आगामी शैक्षिक सत्रमा कक्षा १० मा अध्यापन गराउन **'विद्यार्थी सिकाइ सामग्री'** र **'शिक्षक निर्देशिका'** तयार पारिएको छ ।

उक्त सामग्री तथा निर्देशिका तयार गर्दा यस सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास र हाम्रो सन्दर्भलाईसमेत समायोजन गर्दै ५ ओटा मुख्य विषयवस्तुलाई १३ ओटा क्षेत्रहरूमा विभाजन गरी तयार पारिएको छ । **विद्यार्थी सिकाइ सामग्री**मा राखिएका विषयवस्तुहरूलाई विद्यार्थी केन्द्रित क्रियाकलापका माध्यमबाट सिकाउने गरी तयार गरिएकाले विद्यार्थीहरूलाई बढी उपयोगी हुने ठानेको छु । यस्तै विद्यार्थी सिकाइ सामग्रीलाईको प्रयोगमा सहजीकरण गर्न सहयोग पुग्ने गरी **शिक्षक निर्देशिका** पनि तयार गरिएको छ ।

अन्त्यमा, यो बाल सामाजिक तथा वित्तीय शिक्षा सम्बन्धी विषय वस्तुलाई आधारभूत तहदेखि नै पठन पाठन गर्ने सम्बन्धमा आवश्यक निर्णय गर्न यसको परीक्षणको नतिजाले मद्दत पुर्‍याउने छ भन्ने अशा गरेको छु । विद्यार्थी सिकाइ सामग्री र शिक्षक निर्देशिका निर्माणको क्रममा पाठ्यक्रम विकास केन्द्रसँग समन्वय गरी प्राविधिक सहयोग जुटाएर यस रूपमा ल्याउन गरिएको प्रयत्न र व्यवस्थापनप्रति युनिसेफ नेपाल र समुन्नत नेपाललाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । दुवै सामग्री तयार गर्नका लागि योगदान गर्नुहुने यस केन्द्र र समुन्नत नेपालका विज्ञहरूलाई धन्यवाद दिन चाहन्छु ।

दिवाकर ढुङ्गेल
कार्यकारी निर्देशक

# हाम्रो भनाइ

अहिले विश्वव्यापी रूपमा सामाजिक तथा वित्तीय शिक्षाको आवश्यकता अनुभव गरिएको छ । यसैलाई परिपूर्ति गर्न थेरै जसो देशहरूले आधारभूत तहदेखि नै सामाजिक तथा वित्तीय शिक्षालाई समायोजन गरिसकेका छन् । हाम्रो देशले पनि खासगरी माध्यमिक तहको कक्षा ९ र १० मा यस सम्बन्धी पाठ्यक्रम, पाठ्यपुस्तकको अन्तर पहिचान (Gap analysis) गरी विद्यमान कक्षा ९ को परिमार्जित पाठ्यक्रममा समावेश गरिसकेको छ । त्यही पाठ्यक्रमको कार्यान्वयनलाई सहयोग पुगोस् भन्ने हेतुले चालु शैक्षिक सत्रको बाँकी अवधिसम्मका लागि कक्षा ९ र आगामी शैक्षिक सत्रमा तिनै विद्यार्थीका लागि कक्षा १० मा खासगरी सामाजिक विषयसँग सम्बन्धित गरेर सामाजिक तथा वित्तीय शिक्षा अध्यापन गराउने गरी यो विद्यार्थी सिकाइ सामग्री र शिक्षक निर्देशिका तयार पारिएको हो ।

प्रस्तुत सामग्री चालु शैक्षिक सत्रबाट सुरु भई आगामी शैक्षिक सत्रसम्म परीक्षणका रूपमा संखुवासभा, लम्जुङ, रौतहट, सुर्खेत र डोटी जिल्लाका ३/३ ओटा गरी १५ ओटा माध्यमिक विद्यालय र सोही जिल्लाका १/१ ओटा गरी ५ ओटा खुल्ला विद्यालयमा गर्न लागिएको हो । यसका लागि नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र, अनौपचारिक शिक्षा केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्रको प्रत्यक्ष सहयोग तथा निर्देशनमा सम्बन्धित जिल्ला शिक्षा कार्यालयमार्फत विद्यालयहरूमा कार्यान्वयन गर्दै यसको विस्तार (Scale up) का लागि प्रयास गरिने छ । युनिसेफ नेपालको आर्थिक तथा समुन्नत नेपालको प्राविधिक सहयोगमा यो कार्यक्रम परीक्षणका रूपमा सञ्चालन गर्न लागिएको हो ।

प्रस्तुत विद्यार्थी सिकाइ सामग्री र त्यसको शिक्षक निर्देशिका पाठ्यक्रम विकास केन्द्रको संलग्नतामा तयार गरिएको हो । यसमा सामाजिक तथा वित्तीय शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास र हाम्रो सदर्न्भलाई समायोजन गर्दै मुख्य ५ ओटा विषयवस्तु अन्तर्गत १३ ओटा क्षेत्रहरू राखिएका छन् । यसलाई खासगरी सामाजिक अध्ययन र स्वास्थ्य विषयसँग समायोजन गर्न खोजिएको भए तापनि एकीकृत र Cross cutting सवालका रूपमा अन्य सम्बन्धित विषयहरूसँग पनि समायोजन गरेर सिकाउन सकिन्छ भन्ने अभिप्रायले तयार गरिएको हो ।

विद्यार्थी सिकाइ सामग्रीलाई विद्यार्थी स्वयम्ले क्रियाकलाप गर्दै अभ्यास गर्न सक्ने गरी तयार गरिएको छ । यसका लागि शिक्षकले विषयवस्तुको विस्तृतीकरण र सहजीकरण गर्न सहयोग पुगोस् भनेर शिक्षक निर्देशिका पनि तयार पारिएको छ । विद्यार्थीहरूलाई जीवन्त सिकाइ वातावरण तयार गर्न सकियोस् भनेरै क्रियाकलापहरू प्रयोगात्मक, अभ्यासमुखी र व्यवहारिक बनाउन खोजिएको छ ।

प्रस्तुत सामग्री विकास गर्ने क्रममा पाठ्यक्रम विकास केन्द्रका विशेषज्ञ द्वय टुकराज अधिकारी र हेमराज खतिवडाले गर्नु भएको योगदानप्रति आभार व्यक्त गर्न चाहन्छौ । समुन्नत नेपालका युवराज लौडारी, पदम प्रसाद ढुङ्गाना र पवन कुमार अधिकारीलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छौं । कार्यक्रमको परीक्षण र विस्तारका लागि पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक श्री दिवाकर ढुङ्गेलले गर्नुभएको बचनवद्धता प्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छौं । प्रस्तुत सामग्री विकास गर्नका लागि युनिसेफबाट प्राप्त आर्थिक सहयोगका लागि हार्दिक धन्यवाद दिन चाहन्छौं । नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभागप्रति आभार व्यक्त गर्दछौं । यो सामग्री तयार गर्न वित्तीय शिक्षा सम्बद्ध स्रोत सामग्री उपलब्ध गराएवापत नेपाल राष्ट्र बैंकलाई र सम्पादन गर्ने क्रममा प्राविधिक सहयोग गर्नुहुने बैंकका उपनिर्देशक रामहरि दाहाललाई समेत धन्यवाद दिन चाहन्छौं ।

अन्त्यमा यस विद्यार्थी सिकाइ सामग्री परीक्षणको क्रममा स्वयम् अभ्यास गरेर अनुभव गर्नु हुने विद्यार्थी भाइबहिनीहरू, विषयवस्तुलाई सहजीकरण गर्नु हुने शिक्षक मित्रहरूको अनुभवजन्य पृष्ठपोषण, सल्लाह र सुझावले मात्र यो सामग्रीलाई अझ बढी सिकारुमैत्री बनाउन सकिन्छ । यस सामग्रीलाई सबै विद्यार्थी माझ सहजै पुऱ्याउनका लागि तपाईहरूका व्यावहारिक सल्लाह र सुझावको अपेक्षा राखेका छौं ।

धन्यवाद

२०७१ माघ

योगेश कुमार श्रेष्ठ
कार्यकारी निर्देशक
समुन्नत नेपाल


# विषयसूची


| **क्रियाकलाप** | **शीर्षक** | **पृष्ठ सङ्ख्या** |
|---|---|---|
| **लक्ष्य निर्धारण** | | |
| क्रि.क. नं. १ | सपना कि लक्ष्य | १ |
| क्रि.क. नं. २ | SMARTS | २ |
| क्रि.क. नं. ३ | SWOT विश्लेषण | ३ |
| क्रि.क. नं. ४ | कफी ब्रेक | ५ |
| **म र मेरो विश्व** | | |
| क्रि.क. नं. ५ | आपसी सहयोग | ६ |
| क्रि.क. नं. ६ | मेरो स्थान | ७ |
| क्रि.क. नं. ७ | वातावरण संरक्षण सचेतना (सामुदायिक कार्य) | ८ |
| **वित्तीय निर्णय प्रक्रिया** | | |
| क्रि.क.नं. ८ | सोचेर निर्णय गरौँ | ९ |
| क्रि.क.नं. ९ | हाम्रो निर्णयको ढाँचा | १० |
| क्रि.क.नं. १० | कहाँ बस्ने | १३ |
| **नेतृत्व विकास र समूह कार्य** | | |
| क्रि.क. नं. ११ | सफलताको कथा | १४ |
| क्रि.क. नं. १२ | असल नेतृत्वका गुणहरू | १५ |
| क्रि.क. नं. १३ | नेता चिनौँ | १६ |
| **बाल अधिकार र जिम्मेवारी** | | |
| क्रि.क. नं. १४ | मतदान गरौँ | १७ |
| क्रि.क. नं. १५ | अभिनय गरौँ | १९ |
| क्रि.क. नं. १६ | अधिकार र कर्तव्य खेल | २० |
| **आर्थिक अभियन्ताका रूपमा महिला** | | |
| क्रि.क. नं. १७ | कसरी सुधार गर्ने होला ? | २२ |
| क्रि.क. नं. १८ | परिभाषा लेखौँ | २४ |
| क्रि.क. नं. १९ | घटना अध्ययन | २५ |
| क्रि.क. नं. २० | जुहारी खेलौँ | २६ |
| **उपभोक्ता शिक्षा** | | |
| क्रि.क. नं. २१ | प्रभाव पत्ता लगाऔँ | २७ |
| क्रि.क. नं. २२ | घटना अध्ययन | २८ |

| | | |
|---|---|---|
| क्रि.क. नं. २३ | उपभोक्ताका अधिकार र दायित्व | २९ |
| क्रि.क. नं. २४ | हाम्रो समय हाम्रो भेट | ३० |
| **पर्यावरणप्रति जिम्मेवार तथा मितव्ययी जीवनशैली** | | |
| क्रि.क. नं. २५ | वातावरण अवलोकन | ३१ |
| क्रि.क. नं. २६ | फारु गरौं | ३२ |
| क्रि.क. नं. २७ | टोकरीमा हालौं | ३३ |
| **आफ्नो र अरुको सुरक्षा** | | |
| क्रि.क. नं. २८ | हाम्रो सम्मान खोइ ? | ३४ |
| क्रि.क. नं. २९ | सहयोगी मुट्ठ | ३५ |
| क्रि.क. नं. ३० | हात मिलाऔं | ३६ |
| **अवैध कार्य** | | |
| क्रि.क. नं. ३१ | परिस्थिति अध्ययन | ३७ |
| क्रि.क. नं. ३२ | अठोट गरौं | ३८ |
| **वित्तीय प्रणाली र वित्तीय उपकरण** | | |
| क्रि. क. नं ३३ | संस्था चिनौं | ३९ |
| क्रि.क. नं. ३४ | वित्तीय कारोबार चिनौं | ४० |
| क्रि.क. नं. ३५ | कति जान्यौं ? | ४१ |
| क्रि.क. नं. ३६ | कहाँ उभिने (बचत) | ४२ |
| क्रि.क. नं. ३७ | घटना अध्ययन (बचत) | ४३ |
| क्रि.क. नं. ३८ | सत्य र झुटो खेल (बचत) | ४४ |
| क्रि.क. नं. ३९ | बैकिङ कारोबार (प्रयोगात्मक कार्य) | ४६ |
| **योजना तर्जुमा** | | |
| क्रि.क.नं ४० | योजना माला | ४८ |
| क्रि.क.नं. ४१ | आफ्नै योजना, आफ्नै काम | ४९ |
| क्रि.क.नं. ४२ | सेभन अप खेलौं | ५० |
| **उद्यमशीलता** | | |
| क्रि.क. नं. ४३ | संवाद | ५१ |
| क्रि.क. नं. ४४ | व्यवसाय रोजौं | ५३ |
| क्रि.क. नं. ४५ | तातो आलु खेल | ५४ |

| लक्ष्य निर्धारण | क्रि.क. नं. १ | सपना कि लक्ष्य | समय : २० मिनेट |
|---|---|---|---|

किशोरावस्था भनेको बाल्यअवस्थाबाट प्रौढ अवस्थामा जाने सङ्क्रमणकालीन अवस्था हो । यो अवस्था सबैका लागि उत्तिकै सहज छैन । यस अवस्थामा आफ्नो भावी जीवन सहज र सफल रूपमा अगाडि बढाउन बढीभन्दा बढी जिम्मेवारीहरू लिनुपर्ने हुन्छ । भावी जीवन सफल पार्न ती जिम्मेवारी पुरा गर्ने उद्देश्यसहितको योजना आवश्यक पर्छ । सामान्यत मानव जीवनमा सबैले उचित लक्ष्य तथा योजना बनाएका हुन्छन् भन्ने कुराको अपेक्षा गर्न सकिँदैन । तैपनि लक्ष्य बनाएर अगाडि बढियो भने जीवन सार्थक बनाउन सम्भव हुन्छ ।



पवित्रा कक्षा ९ मा पढ्दै छिन् । उनको परिवारमा बा, आमा, दाजु र उनी सहित ४ जना छन् । दाजु विज्ञान विषय लिएर ११ कक्षा पढ्दै छन् । उनीहरूको शिक्षा दिक्षालाई सहयोग गर्न र घर व्यवहार चलाउन बा र आमाले पसल खोलेका छन् । पवित्राले विशिष्ट श्रेणीमा एसएलसी पास गर्ने लक्ष्य राखेकी छिन् । यसका लागि उनी नियमित विद्यालय जान्छिन् । कक्षामा सक्रिय भएर सिकाइ क्रियाकलापमा भाग लिन्छिन् । घरमा दैनिक विहान बेलुका कम्तिमा २/२ घन्टा अध्ययन गर्छिन् । बाँकी समय घरको काममा सहयोग पुऱ्याउन र मनोरञ्जन समेत गर्ने गर्छिन । उनी पुराना प्रश्नहरूको सँगालोमा अभ्यास गर्ने गर्छिन । उनका लागि घरमा सिकाइमूलक वातावरण छ ।




उही कक्षामा पढ्ने अतुलले पनि विशिष्ट श्रेणीमा एसएलसी पास गर्ने लक्ष्य राखेका छन् । यसका लागि के के गर्नु पर्छ भन्ने कुरामा उनी अनविज्ञ छन् । उनी विद्यालय त नियमित रूपले नै जान्छन् । तर सिकाइ क्रियाकलापमा सक्रिय छैनन् । बरू उनी खेलकुदप्रति बढी चासो राख्छन् ।

**क्रियाकलाप :**

एक जना साथीले स्वयम्सेवक भई 'पवित्रा र अतुल'को अवस्था ठुलो समूहमा पढेर सुनाउनुहोस् । पवित्रा र अतुलमध्ये कसको लक्ष्य हो ? र कसको सपना हो ? कारण सहित पालैपालो बताउनुहोस् । अब प्रत्येकले एक एक पाना लिएर त्यसको सिरानमा आफ्नो नाम लेख्नुहोस् । त्यस भन्दा तल तपाईंको कुनै एउटा वित्तीय लक्ष्य लेख्नुहोस् । त्यसलाई पुरा गर्नका लागि के के गर्नु हुन्छ ? त्यो पनि लेख्नुहोस् । सबैको पानालाई जम्मा गरेर शिक्षकको सहयोगमा वित्तीय उद्यम सम्बन्धी लक्ष्य भएको पुस्तक तयार गर्नुहोस् । शिक्षकले तोके अनुसार तिन/चार जनाले आफ्नो वित्तीय लक्ष्य र कार्यक्रम पढेर सुनाउनुहोस् ।

| लक्ष्य निर्धारण | क्रि.क. नं. २ | SMARTS | समय : २५ मिनेट |
|---|---|---|---|

लक्ष्यको उदाहरण : मैले अबको ९ वर्षभित्रमा माध्यमिक तहको एउटा असल शिक्षक बन्ने लक्ष्य राखेकी छु। यसका लागि उच्च माध्यमिक तहमा शिक्षा विषय लिएर पढने, स्नातक तहमा पनि शिक्षा विषय लिएर पढ्ने, त्यसपछि शिक्षकको अध्यापन अनुमतिपत्र लिने र शिक्षक सेवा आयोगबाट लिइने परीक्षा दिएर पास गर्ने लक्ष्य राखेकी छु।

| | | |
|---|---|---|
| **S** = Specific | निर्दिष्ट | असल शिक्षक बन्ने लक्ष्य निर्दिष्ट छ। |
| **M** = Measurable | मापनीय | उच्च माध्यमिक तहमा शिक्षा विषय र स्नातक तहमा पनि शिक्षा शास्त्र विषय अध्ययन गर्ने भन्ने अठोट र अध्यापन अनुमतिपत्र लिने तथा शिक्षक सेवा आयोगको परीक्षामा सहभागी हुने कुराहरू मापनीय छन्। |
| **A** = Applicable | कार्यान्वयन गर्न सक्ने | शिक्षा विषय लिने, अध्यापन अनुमतिपत्र र आयोगको परीक्षामा जाँच दिने कुराहरू कार्यान्वयन गर्न सकिने कुराहरू हुन्। |
| **R** = Realistic | वास्तविक | शिक्षा विषय लिएकाले शिक्षक बन्ने लक्ष्य राख्नु स्वभाविक तथा वास्तविक हो। |
| **T** = Time bound | समय सीमा | ९ वर्षको अवधि तोकिएको हुँदा समय सीमा प्रष्ट छ। |
| **S** = Sequential | क्रमबद्ध | शिक्षक बन्नका लागि गर्नु पर्ने कार्यहरू क्रमिक रूपले उल्लेख गरेको हुनाले यो क्रमवद्ध छ। |

**क्रियाकालप** :

एक जना साथीले यसमा भएको उदाहरण सबैले सुन्ने गरी पढेर सुनाउनुहोस्। सबै जनाले आ-आफ्नो कापीमा यस अघिनै लिइएको वित्तीय लक्ष्य लेख्नुहोस्। पाँच पाँच जनाको समूहमा बस्नुहोस्। समूहका सबैले पालैपालो अघिल्लो क्रियाकलापमा लिइएको आ-आफ्नो वित्तीय लक्ष्य पढेर सुनाउनुहोस्। त्यसमध्ये उपयुक्त लागेको एउटा वित्तीय लक्ष्य छनोट गर्नुहोस्। न्युजप्रिन्टमा माथिको जस्तै तालिका बनाई त्यो वित्तीय लक्ष्य कसरी **SMARTS** छ, पुष्टि गर्नुहोस्। एक जना टोली नेता भएर प्रस्तुत गर्नुहोस्। ठुलो समूहमा रहेका साथीहरू र शिक्षकबाट सुझाव लिएर त्यसलाई अझ **SMARTS** बनाउनुहोस्।

| लक्ष्य निर्धारण | क्रि.क. नं. ३ | SWOT विश्लेषण | समय : ३० मिनेट |
|---|---|---|---|

लक्ष्य निर्धारण गर्दा आफूभित्र रहेका सवल र कमजोर पक्ष केलाउन सक्नु पर्छ । कमजोर पक्षलाई सवल पक्षले जितेको हुनुपर्छ । लक्ष्य पुरा गर्ने क्रममा प्राप्त हुने अवसर र चुनौतीहरूलाई पनि केलाउनु पर्छ । अवसरलाई सही तरिकाले हात पार्ने र चुनौतीलाई हटाउने उपयुक्त सोच राखेर मात्र लक्ष्य निर्धारण गर्नुपर्छ ।

लक्ष्यको उदाहरण : कलावतीले अबको ९ वर्षभित्रमा माध्यमिक तहको एउटा असल शिक्षक बन्ने लक्ष्य राखेकी छिन् । यसका लागि उनले माध्यमिक तथा उच्च माध्यमिक र स्नातक तहमा पनि शिक्षा विषय लिएर पढ्ने, त्यसपछि शिक्षकको अध्यापन अनुमतिपत्र लिने र शिक्षक सेवा आयोगबाट लिइने परीक्षा पास गर्ने सोच राखेकी छिन् । आफ्नो लक्ष्य पुरा गर्ने क्रममा उनले आफ्ना सवल र कमजोर पक्ष तथा अवसर र चुनौतीहरूलाई निम्नानुसार केलाएर हेरिन् :

| सवल पक्ष | कमजोर पक्ष |
|---|---|
| • शिक्षा विषयप्रति चाख<br>• शिक्षा विषय लिएर स्नातक तहसम्म अध्ययन पुरा गर्ने अठोट<br>• अध्ययन अनुमति पत्रको परीक्षा दिने सोच<br>• शिक्षक सेवा आयोगबाट लिइने परीक्षा उत्तीर्ण गर्ने लक्ष्य | • घरायसी काममा पनि सहयोग गर्नु पर्ने<br>• अहिलेसम्म बाहिर गएर एक्लै नबसेको<br>• हालसम्म अन्तर्वार्ताको अनुभव नभएको |
| **अवसर** | **चुनौती** |
| • परिवारको समर्थन र सहयोग छ<br>• शिक्षकहरूको सहयोग छ<br>• अध्यापन अनुमतिपत्र लिने परीक्षा वर्षै पिछे हुने गरेको<br>• शिक्षक सेवा आयोगको परीक्षा पनि समय समयमा हुने गरेको<br>• सरकारले महिलाहरूका लागि आरक्षणको व्यवस्था गरेको । | • शिक्षा विषय लिएर स्नातक पढ्न बाहिर जानु पर्ने<br>• बाहिर गएर पढ्न खर्च बढी लाग्ने |

## अवस्था विश्लेषण SWOT

- घरायसी काममा सहभागी हुनुपर्ने, अहिलेसम्म बाहिर गएर एक्लै नबसेको र हालसम्म अन्तर्वार्ताको अनुभव नभएको जस्ता कमजोरीलाई परिवारको समर्थन, शिक्षकको सहयोग, परीक्षाहरूको तयारी, आरक्षणको प्रावधान आदिले जित्ने हुँदा उनका कमजोर पक्ष भन्दा सवल पक्षहरू बलिया देखिन्छन् ।
- यसै गरी उनका लागि प्राप्त अवसरहरूले चुनौतीहरू माथि विजय गरेको छ ।

- सवल र कमजोर पक्ष आफ्ना अधिनभित्रका कुरा हुन भने अवसर र चुनौती आफ्नो काबुभन्दा बाहिरका पक्षहरू हुन् ।

**क्रियाकलाप :**

क्रियाकलाप नम्बर २ कै समूहमा बस्नुहोस् । तपाईंका समूहको वित्तीय लक्ष्यलाई लिएर माथिको उदाहरण अनुसार अवस्था (SWOT) विश्लेषण गर्नुहोस् । त्यसलाई न्युजप्रिन्टमा लेख्नुहोस् । प्रत्येक समूहले पालैपालो प्रस्तुत गर्नुहोस् । साथी र शिक्षकले दिएका सुझाव समावेश गरी विश्लेषणलाई अझ प्रभावकारी बनाउनुहोस् । आ-आफ्नो कापीमा तपाईंको वित्तीय लक्ष्य लेख्नुहोस् । त्यो भन्दा मुनि तलको तालिका बनाउनुहोस् । त्यो वित्तीय लक्ष्य पुरा गर्नका लागि के के गर्नु हुन्छ ? समयको क्रम मिलाएर सबै काम र अन्य विवरणहरू तालिकामा भर्नुहोस् । यसलाई तपाईंको जीवनकै लक्ष्य मानी पुरा गर्ने क्रममा समय समयमा पुनरावलोकन गर्दै लक्ष्य प्राप्तिका मार्गमा अगाडि बढ्नुहोस् ।

| क्र.स. | गरिने कामहरू | पुरा गर्न लाग्ने समय | सहयोग गर्ने व्यक्ति | चाहिने स्रोत | काम गर्ने तरिका | कार्यान्वयन स्थल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

| लक्ष्य निर्धारण | क्रि.क. नं. ४ | कफी ब्रेक | समय : १५ मिनेट |
|---|---|---|---|

लक्ष्य सपना भन्दा फरक कुरा हो । **SMARTS** र **SWOT** को सिद्धान्त अनुसार सफल हुने गरी यसलाई निर्धारण गर्नुपर्छ । लक्ष्य प्राप्तिका लागि गर्नुपर्ने कार्यक्रमहरू तोकिएको समयमा सम्पन्न गर्न सक्नुपर्छ । आफ्ना सबल पक्षलाई उजागर गर्दै कमजोर पक्ष हटाउँदै जानु र प्राप्त अवसरलाई सदुपयोग तथा चुनौतीहरूको सामना गर्दै लक्ष्यको बाटोमा अगाडि बढ्नु पर्छ । लक्ष्य अनुसार कार्यक्रमहरू सम्पन्न गर्दै जाँदा समय समयमा पुनरावलोकन गर्दै कार्य प्रक्रियामा सुधार गर्नुपर्छ ।

| अभिव्यक्तिहरू : | | | |
|---|---|---|---|
| १. **Specific** | ५. **Time Bound** | ९. **Strength** | १३. **Program** |
| २. **Measurable** | ६. **Sequential** | १०.**Weakness** | १४. **SWOT** को आन्तरिक पक्ष |
| ३. **Applicable** | ७. लक्ष्य | ११. **Opportunity** | १५. **SWOT** को बाह्य पक्ष |
| ४. **Realistic** | ८. सपना | १२. **Threats** | १६. कार्यक्रमको पुनरावलोकन |


**क्रियाकलाप :**


चित्रमा देखाए जस्तै गरेर बराबर सङ्ख्यामा हुने गरी दुई लाइनमा आमने सामने भएर उभिनुहोस् ।
शिक्षकको निर्देशनअनुसार माथिका शीर्षकहरूमा कफी ब्रेक खेल खेल्नुहोस् ।



| म र मेरो विश्व | क्रि.क. नं. ५ | आपसी सहयोग | समय : १५ मिनेट |
|---|---|---|---|

सूचना र प्रविधिले हाल विश्वलाई साँघुरो बनाउँदै ल्याएको कुरा नकार्न सकिदैन । अमेरिकामा कुनै घटना भएको केही मिनेटमै हामीलाई थाहा हुन्छ । कुन देशमा कस्तो मौसम छ भन्ने कुरा तत्कालै विक्कीपिडीयामा खोज्न सकिन्छ । यस्तै कहाँ प्राकृतिक प्रकोप भयो, तत्कालै थाहा हुन्छ । आधुनिक प्रविधि थाहा नपाउने मान्छेलाई विश्वमा टिक्न नै कठिन भइसक्यो । विश्वको कुनै कुनामा परेको असर हामीलाई पनि पर्न सक्छ । भारतमा आएको हुदहुदले नेपालको हिमाली क्षेत्रमा पदयात्रामा जाने समूहलाई नै हिमपात र हिम पहिरोले पुरेका घटना टड्कारा छन् । यस्तो कुरा आसियान, सार्क जस्ता अन्तर्राष्ट्रिय क्षेत्रीय संगठन र संयुक्त राष्ट्र सङ्घ जस्तो अन्तर्राष्ट्रिय संस्थाले समेत सहयोग गरेका जानकारीहरू सर्व विदितै छन् । एक देशका मानिस र अरू देशका मानिस बिच सूचना आदान प्रदान गरी एक आपसमा पारस्परिक सहयोग गर्नु गराउनु हाम्रो लागि अनिवार्य भइसकेको छ । 'बसुधैब कुटुम्बकम्' भन्ने हाम्रो शास्त्रको भनाइ यस बेला झन सार्थक भएको छ ।





| समूह | काम गर्नुपर्ने शीर्षक | निष्कर्ष निकाल्नु पर्ने क्षेत्र |
|---|---|---|
| क | इन्टरनेट, इमेल | • यसले समग्र विश्वमा पारेको प्रभाव |
| ख | सामाजिक सञ्जाल | • यसले व्यक्तिमा पारेको प्रभाव |
| ग | जलवायु परिवर्तन | • यस बारे राष्ट्रिय/अन्तर्राष्ट्रिय चासो/सहयोग/सम्बन्ध |
| घ | क्षेत्रीय र अन्तर्राष्ट्रिय सहयोग सम्बन्ध | • यसबाट हामीले लिनु/दिनु पर्ने सहयोग र सम्बन्ध |

**क्रियाकलाप :**

चार समूहमा विभाजित हुनुहोस् । पाठको तालिकामा दिइएको जानकारीहरूमा छलफल गर्नुहोस् । एउटा समूहले एउटा शीर्षकमा माथि तोकिए अनुसारका कुराहरू समेटेर न्युजप्रिन्टमा लेख्नुहोस् । समूहको प्रतिवेदन पालैपालो प्रस्तुति गर्नुहोस् । साथीहरूको सुझाव पनि समावेश गर्नुहोस् ।

| म र मेरो विश्व | क्रि.क. नं. ६ | मेरो स्थान | समय : ३० मिनेट |
|---|---|---|---|

मानिस जति परिपक्व हुँदै जान्छ उसको सम्बन्ध पनि घर परिवारबाट विस्तार हुँदै विश्वसँग गाँसिन पुग्छ । सम्बन्ध विस्तार गरी एक अर्कोमा सहयोग आदान-प्रदान गर्दै जान विश्वव्यापीकरणले हामीलाई दिएको अमूल्य अवसर हो । जो जहाँ वसेका छौं त्यसैमा गौरव लिनु पर्छ । आफ्नो स्थानबाट अन्यत्रका मानिसहरूसँग सम्बन्ध विस्तार गरेर आपसी सहयोग आदान प्रदान गर्न सक्नु अहिलेको आवश्यकता हो ।




### क्रियाकलाप :

विश्वको नक्सामा तपाईंको बासस्थान पत्ता लगाउन सजिलो हुने गरी आ-आफ्नो विवरण तयार पार्नुहोस् :

पृथ्वी, महादेश, देश, विकास क्षेत्र, अञ्चल, जिल्ला, गाविस/नपा, वडा नं., टोल, घर, तपाईंको नाम लेख्नुहोस् । घरका, छिमेकका, समुदायका र नाता पर्ने अरू तथा जिल्ला, देशका र अरू देशका सहयोगीहरूको नाम लेख्नुहोस् । तपाईंले उनीहरूलाई र उनीहरूले तपाईंलाई गरेको सहयोग पनि लेख्नुहोस् । तपाईं र उनीहरू बिचमा आदान प्रदान भएका सञ्चार, परानुभूति र सोचाइ तथा निर्णयहरू पनि लेख्नुहोस् । यसरी तयार गरिएको व्यक्तिगत विवरणलाई समूहमा बसेर सुनाउनुहोस् । सुझाव भए त्यो पनि लेख्नुहोस् ।

| म र मेरो विश्व | क्रि.क. नं. ७ | वातावरण संरक्षण सचेतना (सामुदायिक कार्य) | समय : ४५ मिनेट |
|---|---|---|---|

वितावरणीय सफाइ → गर्नै पर्छ/ गर्नै पर्छ
वृक्षरोपण गरौं → हरियाली बढाऔं/हरियाली बढाऔं
वनजङ्गल फडानी → गर्नै हुन्न/गर्नै हुन्न
नदी नाला फोहर गर्ने काम → गर्दै नगरौं/गर्दै नगरौं
बाटो घाटो → सफा राखौं/सफा राखौं
प्राकृतिक सौन्दर्यता → बचाइ राखौं/बचाइ राखौं
सक्छौं भने → सफा गरौं/सफा गरौं
सक्दौनौं भने फोहोर → नगरौं नगरौं
विश्वलाई स्वच्छ र सफा बनाउने → हाम्रै काम/हाम्रै काम

| समूह | शीर्षक | बनाउनु पर्ने सचेतना सामग्री |
|---|---|---|
| क | वनजङ्गल | हरियाली संरक्षण सम्बन्धी पोस्टर, पाम्प्लेट, पर्चा |
| ख | हिमाल, नदीनाला | हिमाल, नदीनाला संरक्षण सम्बन्धी चित्र बनाई तिनीहरूप्रतिको हाम्रो दायित्व झल्कने सान्दर्भिक कुराहरूको टिपोट, ब्रोसर, पर्चा आदि । |
| ग | वातावरणीय सफाइ | घर, आँगन, बाटो घाटो, पँधेरो आदि सफा गरौं भन्ने प्लेकार्ड बनाउने र जुलुस प्रदर्शन गर्ने |
| घ | जलवायु परिवर्तन | पानीको मुहान सुक्दै जानु, हिउँ पग्लिनु, समुद्रीक सतह बढ्नु, जलवायु परिवर्तन हुनु जस्ता सन्देशहरूको पर्चा |
| ङ | विपद् व्यवस्थापन | चट्याङ, हावाहुरी, आगलागी, बाढी, पहिरो, भुकम्प आदि व्यवस्थापन सम्बन्धी सन्देशहरूको पर्चा निर्माण |

**क्रियाकलाप :**

सामुदायिक कार्यका लागि एउटै टोल/छिमेकका साथीहरू कम्तिमा पाँच पाँच जना मिलेर समूह बन्नुहोस् । चिट्ठा गरेर माथिको विषय छनोट गर्नुहोस् । आ-आफ्नो समूहमा बसेर सम्बन्धित सामग्रीहरू तयार पार्नुहोस् । ती सामग्रीहरू समुदायमा लगेर सचेतना गराउनु पर्ने भएकोले सरल, प्रष्ट, आकर्षक र ठुलो आकारको बनाउनुहोस् । प्रत्येक समूहले आफ्ना सामग्रीहरू ठुलो समूहमा प्रस्तुत गर्नुहोस् । सामुदायिक कार्यका लागि योजना बनाउनुहोस् । जिम्मेवारी बाँडफाँड गर्नुहोस् । आउने शनिबार आ-आफ्नो टोलमा सामुदायिक कार्य गरी सोको प्रतिवेदन विद्यालयलाई बुझाउनुहोस् ।

| वित्तीय निर्णय प्रक्रिया | क्रि.क. नं. ८ | सोचेर निर्णय गरौं | समय : २० मिनेट |
|---|---|---|---|

वित्तीय निर्णय गर्नु पूर्व समालोचनात्मक तरिकाले सोच्नु आवश्यक हुन्छ । समालोचनात्मक भन्नाले निर्णय गर्दा प्राप्त हुन सक्ने सकारात्मक र नकारात्मक पक्षलाई केलाउनु हो । हतारमा गरिएको निर्णयले कार्य सफलता प्राप्त गर्न कठिन हुन्छ । त्यसको नतिजा अपेक्षा गरेअनुरूप नहुन सक्छ । त्यसैले सोचेर मात्र वित्तीय निर्णय गरौं ।

१. पारिवारिक खर्चको जोहो कसरी गर्ने हो ? कुनै उपाय सोच्नु पऱ्यो ?

२. व्यवसाय गर्न बैंकले कर्जा दिन्छ भन्छन् तर साँवा र व्याजको किस्ता तिर्न सकिएन भने त धितो लिलाम हुन सक्छ त ।

३. होइन, सानो व्यवसाय रोज्यो भने थोरै पैसाले पनि यसलाई सञ्चालन गर्न सकिन्छ । कर्जा तिर्न पनि सजिलो हुन्छ । बाख्रा पालन गरौं कि ?

४. बाख्रा मरे भने त सखाप हुन्छ । तर भेटेनरी नजिकै छ । उपचार गराउन सकिन्छ नि । धेरै जनाले बाख्रा पालनबाट आर्थिक अवस्था सुधारेका छन् ।

५. खोर बनाउने ठाउँ र घाँसको व्यवस्था गर्न हाम्रो परिवार सक्षम छ त ?

६. घर पछाडि खोर बनाउने र टाट्नो राख्ने ठाउँ छ । बाख्राको घाँस बारीको कान्ला र खोरियामा लगाउन सकिन्छ । यो व्यवसाय राम्रै हुन्छ होला । बरु बैंक गएर कर्जा लिने प्रक्रिया बारे सोधपुछ गर्नु पर्छ कि ?

७. बैंकले त राम्रै कुरा बतायो । जग्गाको धनीपुर्जा राखेर कर्जा लिन पाइँदोरहेछ । ६-६ महिनामा ब्याज तिर्दा हुँदो रहेछ । साँवाको किस्ता वर्षमा एक पटक तिर्दा हुँदो रहेछ । एक वर्ष पछिको साँवाको किस्ता तिर्न त खसी र पाठापाठी बेचेर पनि सकिन्छ नि ।

८. त्यसो हुँदा यही व्यवसाय गर्छु । भोलिनै बैंक गएर कर्जा लिन्छु । दसओटा माऊ बाख्रा किनेर यो व्यवसाय शुरु गर्छु ।

**क्रियाकलाप :**

पारिवारिक खर्चको जोहो गर्ने उपायका समालोचनात्मक सोचाइ सम्बन्धी माथि उल्लेखित मेटाकार्डहरू १, २, ३ ..... गर्दै क्रम मिलाएर टेबलमा राख्नुहोस् । एकजना स्वयम्सेवक अगाडि आउनुहोस् । १ नम्बरको कार्ड लिनुहोस् । सबै साथीहरूले सुन्ने गरी ठुलो स्वरमा पढेर सुनाउनुहोस् । गएर आफ्नो ठाउँमा बस्नुहोस् । अर्को स्वयम्सेवक अगाडि आउनुहोस् । २ नम्बरको कार्ड लिनुहोस् । सबै साथीहरूले सुन्ने गरी ठुलो स्वरमा पढेर सुनाउनुहोस् र साथीहरूलाई बुझाउनुहोस् । गएर आफ्नो ठाउँमा बस्नुहोस् । यसरी नै सबै कार्डहरू नसकिएसम्म पालै पालो स्वयम्सेवक अगाडि आएर माथिकै क्रम दोहोऱ्याउनुहोस् ।

| वित्तीय निर्णय प्रक्रिया | क्रि.क. नं. ९ | हाम्रो निर्णयको ढाँचा | समय : ४५ मिनेट |
|---|---|---|---|

समस्याको पहिचान, सूचना एवम् जानकारी सङ्कलन, विकल्पहरूको खोजी र परीक्षण, परिणामको आँकलन, जोखिम विश्लेषण तथा कार्यक्रमको पूर्व मूल्याङ्कन गरेर मात्र निर्णयमा पुग्नु बुद्धिमानी हुन्छ । निर्णय गर्दा समस्या, समाधानका विकल्प, विकल्पले पार्न सक्ने प्रभाव र अनुभूतिलाई केलाउनु पर्छ । यसरी निश्चित ढाँचा अबलम्बन गरी गरिएको निर्णय प्रभावकारी हुन्छ ।

**निर्णय ढाँचाको नमुना :**

| समस्या | विकल्पहरू | | परिणाम | | अनुभूति |
|---|---|---|---|---|---|
| पैसा छैन | बैंकबाट कर्जा लिने | ↗ | निश्चित व्याजमा आवश्यक पर्दा रकम प्राप्त हुने | → | उत्साह बढ्ने |
| | | ↘ | नियमित किस्ता तिर्न कठिन हुने | → | चिन्ता बढ्ने |
| | स्थानीय साहुसँग कर्जा लिने | ↗ | तुरुन्तै रकम प्राप्त गर्न सकिने | → | आनन्द हुने |
| | | ↘ | बढी व्याज तिर्नु पर्ने | → | पिरलो हुने |
| | आफन्तसँग सरसापट लिएर गर्जो टार्ने | ↗ | तत्कालको व्यवहार टर्ने । | → | क्षणिक आनन्द हुने |
| | | ↘ | समयमा तिर्न नसके सम्बन्ध बिग्रिने | → | ग्लानी हुने |

उपयुक्त निर्णय : बैंकबाट कर्जा लिने ।

किनभने : निश्चित व्याजमा आवश्यकता अनुसार रकम प्राप्त गर्न सकिन्छ ।

अरू विकल्प किन छाड्ने :

दोस्रो विकल्पको हकमा : साहुले ठग्न सक्ने र व्याजदर चर्को हुन सक्ने ।

तेस्रो विकल्पको हकमा : यो अल्पअवधिको लागि मात्र काम लाग्न सक्छ । थोरै रकम मात्र उपलब्ध हुन सक्छ । समयमा फिर्ता गर्न नसके आपसी सम्बन्ध बिग्रन सक्छ ।

| समूह | शीर्षक |
|---|---|
| क | पैसा जम्मा गर्न खाता खोल्ने<br>विकल्पहरू : चल्ती, बचत, मुद्दती आदि । |
| ख | पैसा छ लगानी कहाँ गर्ने ?<br>विकल्पहरू : सेयर खरिद गर्ने, सामूहिक लगानी कोष (Mutual Fund) मा लगानी गर्ने, ऋणपत्र खरिद गर्ने आदि । |
| ग | पैसा चाहियो कहाँबाट लिने ?<br>विकल्पहरू : बैंक, सहकारी संस्था, व्यापारी आदि । |
| घ | बैंक तथा वित्तीय संस्थामा आफ्नो खातामा रहेको पैसा कसरी झिक्ने ?<br>विकल्पहरू : एटिएम् कार्ड, चेक, नगद भुक्तानी रसिद (Withdrawal Slip) आदि । |

**क्रियाकलाप :**

कक्षाका सबै साथीहरू चार समूहमा बस्नुहोस् । समूह 'क' ले 'क' को, 'ख' ले 'ख' को, 'ग' ले 'ग' को र 'घ' ले 'घ' को शीर्षकमा छलफल गरेर माथिको ढाँचामा निर्णय गर्नुहोस् । यसलाई न्युजप्रिन्टमा तयार पार्नुहोस् । समूहले तयार पारेको निर्णयको ढाँचालाई अगाडि आएर प्रस्तुत गर्नुहोस् । साथीहरूको प्रश्न र जिज्ञासाको उत्तर दिनुहोस् ।

### १. चल्ती खाता (Current Account)

- आफूले चाहेको जुनसुकै बखत रकम जम्मा गर्न र झिक्न सकिने ।
- जम्मा गरेको रकमको बैंकले तोकेको केहि (नगन्य) रकम बाहेक अन्य रकम झिक्न सकिने ।
- यसमा सामान्यतया ब्याज नपाइने ।

### २. बचत खाता (Saving Account)

- कुनै पनि समयमा जति पनि रकम जम्मा गर्न सकिने ।
- रकम झिक्दा बैंकले तोकेको सीमामा रहेर झिक्नु पर्ने ।
- केहि व्याज पाइने ।

### ३. मुद्दती खाता (Fixed Account)

- निश्चित समयावधि तोकी रकम जम्मा गर्न सकिने (जस्तैः ३ महिना, ६ महिना, १ वर्ष वा सोभन्दा बढी अवधि)
- यसमा बचत खाता भन्दा सामान्यतया बढी व्याज पाइने
- अवधि नपुगी रकम झिक्न नमिल्ने
- पैसाको खाँचो पर्दा मुद्दती खाताको रसिदलाई धितो राखी रकम सापटी लिन पाइने ।

### ४. सेयर (Share)

- बैंक वा अन्य इजाजत प्राप्त कम्पनीले आफ्नो पूँजी जुटाउन वा पूँजी बढाउन निस्कासन गरेको लगानी पत्र।
- निस्कासकले तोकेको समयभित्र मात्र सर्व साधरणले साधारण सेयर खरिद गर्न सकिने ।
- सेयर बजारमा जुनसुकै कम्पनीका सेयर खरिद गर्न सकिने ।
- सेयर धारण गरेवापत नगद लाभांश वा बोनस सेयर वा दुवै प्राप्त हुन सक्ने ।

### ५. सामूहिक लगानी कोष (Mutual Fund)

- ब्यक्ति वा संस्थासँग छरिएर रहेको स-सानो रकमलाई सरकारी वा इजाजत प्राप्त कुनै संस्थाले समेटेर स्थापना गरेको कोष ।
- निश्चित समयावधि तोकिएको यस्तो कोषलाई क्लोज इन्डेड स्किम र निरन्तर सञ्चालन गरिनेलाई ओपन इन्डेड स्किम भनिन्छ ।
- यस फन्डमा रकम जम्मा गर्नेले आर्जन भए बमोजिमको लाभांश पाउँछ ।
- यस्तो कोष वापच आर्जित लाभांशमा कर लाग्दैन ।

### ६. एटिएम कार्ड (ATM Card)

- बैंकको खातामा रहेको आफ्नो रकम झिक्ने विद्युतीय कार्ड ।
- यो कार्ड लिँदा उपलब्ध हुने पिन नम्बर गोप्य राख्नु पर्छ ।
- यो कार्ड प्रयोग गरी एटिएम मेशिनबाट जुनसुकै समयमा (२४ सै घन्टा, ३६५ दिन नै) पैसा झिक्न सकिन्छ ।
- पैसा झिक्न मेसिनमा यो कार्ड छिराएपछि पिन नम्बर इन्टर गरेर चाहेको रकम टाइप गरेपछि मेशिनले पैसा निकालिदिन्छ ।
- यस कार्डद्वारा खाताको सँक्षिप्त स्टेटमेन्ट पनि प्रिन्ट गर्न सकिन्छ ।
- एक दिनमा झिक्न सकिने रकम र पटक निश्चित गरिएको हुन्छ ।
- सम्बन्धित बैंक बाहेक अरूको एटिएम मेसिनबाट रकम झिक्न पनि सकिन्छ तर निश्चित सेवा शुल्क कट्टा हुन्छ ।

### ७. क्रेडिट कार्ड (Credit Card)

- यो पनि एटिएम कार्ड जस्तै एउटा विद्युतीय कार्ड हो ।
- यसले बैंकमा रहेको आफ्नो खातामा पैसा नहुँदा पनि सापटिका रूपमा केही हदसम्म पैसा झिक्न सकिन्छ ।
- बजारमा किनमेल गर्दा वा कसैलाई तिर्नुपर्ने दायित्व पुरा गर्न यस कार्डको प्रयोग गर्न सकिन्छ ।
- यस कार्डबाट झिकेको सिमाभन्दा बढीको रकम बैंकले तोकेको समयमा पुनः खातामा जम्मा गरिदिनुपर्छ ।

### ८. इन्टरनेट बैकिङ्ग (Internet Banking)


- आफ्नो खातामा रहेको रकम इन्टरनेटबाटै रकमान्तर गर्न सकिने ।
- नगद वा चेकद्वारा गरिने कारोबारलाई विद्युतीय माध्यमबाट सम्पन्न गरिने वैकल्पिक एउटा तरिका ।
- खातामा रहेको पैसाको कारोबार इन्टरनेटबाट गर्न सकिने ।

### ९. नगद भुक्तानी रसिद (Withdrawal Slip)

- एटिएम कार्ड तथा चेक नभएको अवस्थामा बैंकमा गएर रकम झिक्ने एउटा तरिका वा माध्यम ।
- यो रसिद सम्बन्धित बैंकमा उपलब्द हुने ।
- यसका लागि खातावाला स्वयम् उपस्थित हुनुपर्ने ।
- बैंकको नगद कारोबार सञ्चालन भइरहेको समयमा मात्र यो रसिदमार्फत् रकम निकाल्न सकिने ।

| वित्तीय निर्णय प्रक्रिया | क्रि.क. नं. १० | कहाँ बस्ने ? | समय : २५ मिनेट |
|---|---|---|---|

**क्रियाकलाप :**



सबै साथीहरू लाइन लागेर कक्षा बाहिर चउरमा जानुहोस् । खेलमा सहजीकरण गर्नका लागि दुई जना स्वयम्सेवी छनोट गर्नुहोस् । बाँकी साथीहरूलाई १, २ / १, २ भन्न लगाउँदै दुई समूहमा विभाजन गर्नुहोस् । दुवै समूह आ-आफ्नो लाइनमा उभिनुहोस् र लाइनको अगाडि एउटा सीमा कोर्नुहोस्। लाइनको २ मिटर जति अगाडि चित्रमा दिए जस्तै गरी ९ ओटा कुर्सी तिन लाइनमा मिलाएर राख्नुहोस् । खेलका लागि सबैलाई तयारी अवस्थामा रहने सूचना दिनुहोस् । स्वयम्सेवीले खेलको निर्देशन बताउनुहोस् र खेलाउनुहोस् ।

*ताली बजाएपछि दुवै लाइनबाट अगाडि उभिने एक एक जना साथीहरू दौडेर गई कुनै एक-एक ओटा कुर्सीमा बस्नुहोस् । फेरि ताली बजेपछि दुवै लाइनका अगाडिका एक-एक जना साथीहरू दौडेर खाली कुर्सीमा बस्नुहोस् । यसरी नौ ओटै कुर्सी नभरिएसम्म ताली बज्छ । तपाईंहरू लाइनबाट क्रमैसँग अगाडि जाँदै कुर्सीमा बस्नुहोस् । एउटै समूहका साथीहरू ठाडो, तेर्सो वा छड्के लहरमा बस्न सफल भए त्यो समूहले १ नम्बर प्राप्त गर्ने छ । अब कुर्सीमा भएका सबै साथीहरू लाइनको पछाडि गएर उभिनुहोस् । अगाडि हुने साथीहरू तालीका सङ्केतमा खेल्दै जानुहोस् । अघिको जस्तै ठाडो, तेर्सो वा छड्के लहरमा आफ्नो समूहका साथीहरू मिलेर बस्न सकेमा नम्बर आउँछ । आफ्नो समूहको साथी पहिचान गर्न हातको सङ्केत निर्धारण गर्नुहोस् जस्तै : एक समूहले कुर्सीमा बस्दा हात बाँध्ने र अर्को समूहले टाउकोमा हात राख्ने गर्नुहोस् । यसका लागि पहिले नै सल्लाह पनि गर्नुहोस् । खेलको अन्त्यमा जुन समूहले बढी अङ्क ल्याउँछ त्यो समूहलाई विजयी भएको घोषणा स्वयम्सेवीहरूले गर्नुहोस् ।*

**खेलपछिको समीक्षा :**

सबै आर्थिक निर्णयहरू यो खेल जस्तै हुन् । कुर्सीमा बस्न जाने पहिलो व्यक्तिले बिचको कुर्सीमा बसिदिँदा आफ्ना समूहका अरू साथीलाई खेल जित्ने बाटो खुल्छ । यसपछि कुन कुर्सीमा आफू बसियो भने खेल जितिन्छ ? भनेर प्रत्येकले सोचेर बस्यो भने खेल जित्न सकिन्छ । आर्थिक निर्णय लिँदा पनि कुन व्यवसाय गर्ने ? स्रोत कसरी जुटाउने ? स्रोत खर्च गर्दाका जोखिम केलाउने बाधा अड्चन हटाउने आदि सबै कुरालाई समालोचनात्मक तरिकाले सोचेर व्यवसायमा लगानी गर्ने निर्णय गरियो भने व्यवसायमा सफल हुन सकिन्छ ।

| | | | |
|---|---|---|---|
| नेतृत्व विकास र समूह कार्य | क्रि.क. नं. ११ | सफलताको कथा | समय : १५ मिनेट |

सामूहिक लक्ष्य प्राप्तिका लागि सही तरिकाले पथ प्रदर्शन गर्नु नेतृत्व हो । यसले योजना निर्माणदेखि रणनीति तयार पार्ने, योजनालाई कार्यान्वयन गराउने, यसको अनुगमन र मूल्याङ्कन गर्ने आदि सबै कार्यमा अग्रणी भूमिका खेल्दछ । नेतृत्व गर्नेले आफ्नो मात्र हित हुने कामहरू नगरी समूहका सबै साथीहरूको नेतृत्व सम्बन्धी क्षमता विकास गर्ने तर्फ अग्रसर हुनुपर्छ । यसो गर्नाले नेतृत्वमा निरन्तरता आउँछ। यसले व्यक्तित्व विकास र सामाजिक सुधार गर्ने कार्यमा योगदान पुऱ्याउँछ । नेतृत्व पारदर्शी हुनुपर्छ । यो अनुकरणीय पनि हुनुपर्छ । यसले सर्वजन हितायको सिद्धान्त अपनाएको हुनुपर्छ । यसरी गरिने साना साना कामहरूको नेतृत्वले नै देश विकासको जग बसाउन सक्छ ।






विगत २ वर्षदेखि इसा समुन्नत बाल क्लबको सदस्य भएर काम गर्दै आएकी छिन् । उनले विद्यालय र बाहिर पनि सञ्चालन हुने बाल गतिविधिहरूमा अगुवाइ गरिरहेकी छिन् । उनी यस्ता गतिविधिहरू योजना बनाएर सञ्चालन गर्छिन् । क्लबका साथीहरूले उनलाई साथ दिन्छन् । कार्यक्रमहरू सञ्चालन गर्न उनले सही रणनीतिहरू लिने गर्छिन जस्तै : क्लबमा सही दिशानिर्देश गर्दै काम बाँडफाँड गर्छिन । कुनै समस्याहरू आइपर्दा वा सङ्घ संस्थाहरूको सहयोग लिनु पर्दा क्लबको प्रतिनिधित्व गर्ने गर्छिन । यसै कारण उनको क्लब सफल छ । यस्ता कार्यहरू गरेकाले उनलाई क्लबबाट अध्यक्ष बन्ने प्रस्ताव आएको छ । सायद उनी यो वर्ष अध्यक्ष हुन्छिन् ।


| समूह क | समूह ख | समूह ग |
|---|---|---|
| नेतृत्वको परिभाषा | इसाको नेतृत्व शैली | विद्यालयको बाल क्लबका लागि रणनीति |

**क्रियाकलाप :**

एक जना स्वयम्सेवक साथीले इशाको सफलताका कथा ठुलो स्वरमा अगाडि गई पढेर सुनाउनुहोस् । यसपछि 'क', 'ख', 'ग' भन्दै तिन समूहमा विभाजित हुनुहोस् । समूह 'क' ले नेतृत्व बारे छलफल गरी त्यसको परिभाषा तयार गर्नुहोस् । समूह 'ख' ले इशाको नेतृत्व शैली अन्तर्गतका व्यवहारहरूको सूची तयार गर्नुहोस् । समूह 'ग' ले बालक्लब सञ्चालनका सफल रणनीतिहरू तयार गर्नुहोस् । पालैपालो समूहको प्रस्तुतीकरण गर्नुहोस् ।

| नेतृत्व विकास र समूह कार्य | क्रि.क. नं. १२ | असल नेतृत्वका गुणहरू | समय : २० मिनेट |
|---|---|---|---|

सम्भाव्य लक्ष्य लिनु र सही रणनीति बनाउने कुरा नेतृत्वका आधारभूत गुणहरू हुन। यिनीहरूलाई अनुसरण गरी बनाइएको योजना र कार्यक्रम सफल पार्न समूहलाई साङ्गठानिक जिम्मेवारी दिनुपर्छ। कार्यक्रम सञ्चालन गर्ने क्रममा आवश्यकता अनुसार सही निर्णय गर्दै नेतृत्वले प्रजातान्त्रिक व्यवहार प्रस्तुत गर्नुपर्छ। यसरी लक्ष्य प्राप्तिका सबै कार्यहरू सफलतापूर्वक सञ्चालन गर्नु गराउनु नै असल नेतृत्वका गुणहरू हुन्।




| समूह | योजना बनाउनुपर्ने कार्यक्षेत्रहरू |
|---|---|
| क | साँस्कृतिक कार्यक्रम सञ्चालन गर्ने |
| ख | विद्यालयको सरफाइ व्यवस्था |
| ग | सामुदायिक शिविरमा स्वयम्सेवक परिचालन |
| घ | विद्यालयमा हरियाली प्रवर्धन |

**क्रियाकलाप :**

'क', 'ख', 'ग', 'घ' भन्दै चार ओटा समूहमा बस्नुहोस्। आ-आफ्ना समूहको नेतृत्व गर्नु पर्ने शीर्षक जिम्मा लिनुहोस्। नेतृत्वदायी घरमा उल्लिखित गुणहरूलाई आधार बनाएर आफ्नो जिम्माको कार्यक्रम सम्पन्न गर्ने योजना बनाउनुहोस्। त्यसलाई न्युजप्रिन्टमा लेखेर ठुलो समूहमा प्रस्तुत गर्नुहोस्।

| नेतृत्व विकास र समूह कार्य | क्रि.क. नं. १३ | नेता चिनौं | समय : १० मिनेट |
|---|---|---|---|

**क्रियाकलाप :**

कक्षा रहेका साथीहरू मध्ये आधा जति बाहिर जानुहोस् । भित्र रहेकाले एक जनालाई समूह नेता बनाउनुहोस् । समूह नेताले साथीहरूले देख्नेगरी शारीरिक हाउभाउ गरेर देखाउनुहोस् । (**टाउकोमा हात राख्ने, हात बाँध्ने, ताली बजाउने आदि जस्ता**) अरू साथीहरूले पनि नेता सँग सँगै उही हाउभाउ गर्नुहोस्। केहिबेर अभ्यास गरेपछि बाहिर गएका साथीहरूलाई भित्र बोलाउनुहोस्। नेताको निर्देशन अनुसार भित्र रहने सबैले हाउभाउ गर्नुहोस्। बाहिर गएर आउने समूहका साथीहरू सल्लाह गरेर एक जनाले हाउभाउ गर्ने नेताको नाम एकै पटकमा भन्नुहोस् । नेता चिन्न सकेभने भित्र रहने समूहका प्रत्येकले र चिन्न नसकेमा बाहिर गएर आउने समूहका प्रत्येकले पालैपालो नेतृत्व, नेतृत्वका गुण र सिप आदि उपशीर्षकबाट एक एक ओटा जानकारीमूलक बुँदाहरू साथीहरूले सुन्ने गरी बताउनुहोस् ।

| बाल अधिकार र जिम्मेवारी | क्रि.क. नं. १४ | मतदान गरौं | समय : २० मिनेट |
| --- | --- | --- | --- |

१. मैले प्रत्येक दिन भरपेट खान पाएको छु ।

२. मैले सधैं विद्यालयमा उपस्थित भएर पढ्ने मौका पाएको छु ।

३. मलाई कसैले गाली बेइज्जती गर्ने गरेका छैनन् ।

४. मेरा अधिकार कसैले हनन् गरे भने म थाहा पाउँछु ।

५. बिरामी हुँदा मैले उपचार पाउने गरेको छु ।

६. मेरो अधिकार भित्रका मैले चाहेका सबै कुरा पाएको छु ।

७. मेरा विचारहरूलाई मेरा परिवारले कदर गर्ने गरेका छन् ।

८. म आफूलाई नोक्सानी हुनबाट बचाउन सक्षम छु ।


९. मेरो समुदायमा म सधैं सुरक्षित छु ।

१०. म अरुलाई सहयोग गर्न सक्षम छु ।

११. मेरो आवश्यकता पुरा गर्न म सँग पैसा छ ।

१२. मैले क्लब र अन्य भेला आदिमा सहभागी हुने अवसरहरू पाइरहको छु ।

**क्रियाकलाप :**




शिक्षकले भित्तामा टाँसेका भनाइहरू सबैले राम्रोसँग बुझ्ने गरी पढ्नुहोस्। कक्षाको अगाडि टेबलमा Yes, No लेखेको बाकस राख्नुहोस्। मतपत्रका लागि सबैले आ-आफ्नो कापीको एउटा पाना काटी १२ ओटा बराबर टुक्रा पारेर राख्नुहोस्। प्रत्येक विद्यार्थीका लागि १२ ओटा मतपत्रका टुक्राहरू शिक्षकले नै दिनु भयो भने कापीको पाना काट्नु पर्दैन। अब एउटा टुक्रालाई मतपत्रको रूपमा लिएर त्यसमा १ लेख्नुहोस्। एक जना स्वयम्सेवी अगाडि गएर १ नम्बरको भनाइ सबैले सुन्ने गरेर ठुलो स्वरमा पढेर सुनाउनुहोस्। तपाईं त्यस भनाइसँग सहमत भए Yes मा र असहमत भए No को बाकसमा आफ्नो मत हालेर सबै साथीहरूलाई पालै पालो मत हाल्न लगाउनुहोस्। अब अर्को स्वयम्सेवी अगाडि जानुहोस् र २ नम्बरको भनाइ त्यसरी नै ठुलो स्वरमा पढेर सुनाउनुहोस्। अर्को मतपत्र लिनुहोस्। साथीहरूलाई पनि लिन लगाउनुहोस्।

त्यसमा २ लेखेर तपाईँ त्यस भनाइसँग सहमत भए Yes मा र असहमत भए No को बाकसमा आफ्नो मत हालेर सबै साथीहरूलाई पालै पालो मत हाल्न लगाउनुहोस् । यसरी नै बाँकी सबै भनाइमा पालैपालो एक एक जना अगाडि जाँदै भनाइहरूलाई पढेर सुनाई मत हाल्ने काम पुरा गर्नुहोस् । कक्षाका सबै साथीहरू बराबर दुई समूहमा भएर बस्नुहोस् । समूह 'क' ले बाँया पट्टिको र 'ख' ले दाँया पट्टिको तालिका एउटा पानामा बनाउनुहोस् ।

| समूह - १ सहमत | |
|---|---|
| भनाइ नं | मत सङ्ख्या |
| १ | |
| २ | |
| ३ | |
| ४ | |
| ५ | |
| ६ | |
| ७ | |
| ८ | |
| ९ | |
| १० | |
| ११ | |
| १२ | |
| जम्मा | |

| असहमत | |
|---|---|
| भनाइ नं | मत सङ्ख्या |
| १ | |
| २ | |
| ३ | |
| ४ | |
| ५ | |
| ६ | |
| ७ | |
| ८ | |
| ९ | |
| १० | |
| ११ | |
| १२ | |
| जम्मा | |

आ-आफ्नो समूहको बाकसका मतपत्र गन्दै तालिकामा लेख्नुहोस् । जम्मा सङ्ख्या पनि गनेर अन्तिममा लेख्नुहोस् । १ नम्बरको भनाइमा सहमतमा कति र असहमतमा कति मतपत्रहरू खसेका रहेछन् । तुलना गरेर हेर्नुहोस् । यदि सहमतमा धेरै मत खसेको छ भने त्यससँग सम्बन्धित बालअधिकार संरक्षित भएको र असहमतमा बढी मत खसेको भए यो बालअधिकार संरक्षित नभएको पुष्टि हुन्छ । यसरी नै सबै नम्बरका मतपत्रहरूको तुलनात्मक गन्ती गर्दै सम्बन्धित नम्बरका अधिकारहरू संरक्षित भए/नभएको पुष्टि गर्नुहोस् ।

| बाल अधिकार र जिम्मेवारी | क्रि.क. नं. १५ | अभिनय गरौं | समय : २५ मिनेट |
|---|---|---|---|

बालअधिकारको हनन् नजानेर पनि हुन सक्छ । कतिपय बाद्ध्यात्मक परिस्थितिमा पनि अधिकार हनन् भइरहेका हुन्छन् । यसको उदाहरण बिपन्नतालाई लिन सकिन्छ । तर बाल हिंसा र शोषण जानाजानी पनि गरिन्छ । आफ्नो स्वार्थका कारणले बालशोषण र हिंसा गर्ने गरिन्छ । यसो गर्ने व्यक्ति वा संस्थालाई कानुनले छुट दिँदैन । बालबालिका तथा किशोर किशोरीहरूले पनि आफ्नो अधिकारको उपयोग गर्दा कर्तव्यलाई भुल्नु हुँदैन ।

| | |
|---|---|
| **समूह - क** | गलैंचा कारखानाको मालिकले बालश्रम गराएको, खाना राम्रोसँग नदिएको, बिरामी पर्दा उपचार नगराएको, पाउनु पर्ने पारिश्रमिक पनि दिन आलटाल गरेको र यी सबै कुरा बिरूद्ध उजुरी परेपछि मालिकलाई प्रहरीले पक्रेर लगेको । |

| | |
|---|---|
| **समूह - ख** | बुबा आमा र छोरा गरी तिन जनाको परिवार, एउटी बालिकालाई घरेलु कामदार राखेको, आमाले तिनीलाई नसक्ने काम गर्न लगाउने गरेकी, छोराले नभएको कुरा पोल लगाउने गरेको, बाबुले यौन शोषण गर्न खोज्ने गरेको, बालिकाको उजुरी अनुसार बाबुलाई प्रहरीले पक्रेरर लगेको । |

| | |
|---|---|
| **समूह - ग** | छोरालाई राम्रो विद्यालयमा पढाउने र छोरीलाई घरका काम गराउने, परिवारमा महिला हित सम्बन्धी प्रतिनिधि आएर घरमुलीलाई सम्झाएको, त्यसपछि छोरीलाई पनि विद्यालयमा पढ्न पठाएको । |

| | |
|---|---|
| **समूह - घ** | गरिबीका कारण बालबालिकालाई राम्रो खाना, स्वास्थ्य उपचार र शिक्षाको पहुँच नपुगेको, परिवारमा उद्यम अभिमुखीकरण सम्बन्धी संस्थाका प्रतिनिधिले सचेत गराएको, व्यवसाय गरेर पैसा कमाएको र त्यसपछि बालअधिकार सबै पुरा भएको । |

**क्रियाकलाप :**

शिक्षकको सल्लाह अनुसार कक्षाका सबै साथीहरू बराबर चार समूहमा बिभाजित भएर बस्नुहोस् । प्रत्येक समूहबाट एक एक जना अगाडि आएर माथि लेखिएअनुसारका एउटा-एउटा मेटाकार्ड लिनुहोस् । कार्डमा लेखिए अनुसार तपाईंको समूहले अभिनय गरेर देखाउनु पर्नेछ । तसर्थ समूहका सबै साथीहरू मिलेर अभिनय तयार गर्नुहोस् । 'क' समूहबाट शुरू गरेर पालैपालो सबै समूहले अगाडि आएर अभिनय प्रस्तुत गर्नुहोस् । एउटा समूहको अभिनय प्रस्तुति पछि अरू समूहले उक्त अभिनयमा गरिएका बालअधिकार हनन् र संरक्षणका लागि गरिएका प्रयासहरू छलफल गर्नुहोस् । यी बाहेक अरू पनि उपायहरू पहिचान गरी सुझाव दिनुहोस् ।

| बाल अधिकार र जिम्मेवारी | क्रि.क. नं. १६ | अधिकार र कर्तव्य खेल | समय : २५ मिनेट |
|---|---|---|---|

| अधिकार | कर्तव्य |
|---|---|
| पेटभरी खान पाउनु पर्छ । | खाना कत्ति पनि खेर फाल्नु हुँदैन । |
| राम्रोसँग पढ्न पाउनु पर्छ । | शिक्षकलाई सम्मान गरी सिक्ने प्रयत्न गर्नुपर्छ । |
| बिरामी हुँदा उपचार पाउनु पर्छ । | आफ्नो र अरूको स्वास्थ्य हेरचाह गर्नुपर्छ । |
| निर्णयमा सहभागी हुन पाउनु पर्छ । | निर्णयका लागि सोचेर विकल्प प्रस्तुत गर्न सक्नु पर्छ । |
| आवश्यकता पुरा हुनु पर्छ । | आवश्यकता हो कि चाहना मात्र ? छुट्याउन सक्नुपर्छ । |
| मौसम अनुसारको लुगा लगाउन पाउनु पर्छ । | मिलाएर लगाउन र सफा गर्न पनि सक्नु पर्छ । |
| मायाँ र हेरचाह पाउनु पर्छ । | अरूलाई पनि मायाँ र हेरचाह गर्नु पर्छ । |
| आफ्नो वंश र मूल्य-मान्यताको कदर हुनु पर्छ । | अरूको वंश र मूल्य-मान्यताको पनि सम्मान गर्नु पर्छ । |

**क्रियाकलाप :**

अधिकार र कर्तव्य लेखिएका कार्डहरूको गड्डी अगाडि टेबलमा राख्नुहोस् । स्वयम्सेवकका रूपमा एकजना साथी अगाडि आउनुहोस् । गड्डीबाट एउटा कार्ड झिक्नुहोस् । पहिला अधिकारको महलमा लेखेको कुरा ठुलो स्वरमा पढेर सुनाउनुहोस् । त्यसको कर्तव्य के हुन्छ ? साथीहरूसँग सोध्नुहोस् । साथीहरूको भनाइ आइसकेपछि कर्तव्यको महलमा लेखिएको कुरा पनि ठुलो स्वरमा पढेर सुनाउनुहोस् । त्यो कार्डलाई अलग्गै राख्नुहोस् । यसरी नै पालैपालो एक-एक जना स्वयम्सेवक अगाडि आएर बाँकी कार्डहरूका एकापट्टिको पढेर सुनाउने र अर्को पट्टिको के होला भन्न लगाउने र त्यो पनि पढेर सुनाउने कार्य गर्नुहोस् ।

| बालअधिकारका चार बाकसहरू | |
|---|---|
| बा = बाँच्न पाउने अधिकार (Right to Survive) | सं = संरक्षणको अधिकार (Right to Protection) |
| वि = विकासको अधिकार (Right to Development) | स = सहभागिताको अधिकार (Right to Participation) |

१. बाँ = बाँच्न पाउने अधिकार
(Right to Survive)

- गर्भवती महिलालाई विशेष स्याहार
- सुरक्षित जन्म
- खोप तथा स्वास्थ्य स्याहार
- पोषणयुक्त खाना
- सफा पानी
- माया, ममतापूर्ण पालनपोषण र हेरचाह
- मौसम अनुसारको लुगाफाटा, ओढ्ने, सुरक्षित बसाइ र हुर्काइ

३. वि = विकासको अधिकार
(Right to Development)

- स्वच्छ र रमाइलो वातावरणमा असल शिक्षा आर्जन
- खेल, मनोरञ्जन र आराम
- खोप
- बिरामी हुँदा तथा स्वस्थ रहनका लागि आवश्यक स्वाथ्योपचार
- आमाबाबु दुवैको भरपूर माया ममतामा हुर्कन पाउनु
- उचित मार्ग दर्शन र राम्रो पारिवारिक वातावरण

२. सं = संरक्षणको अधिकार
(Right to Protection)

- गर्भैदेखि भेदभावबाट संरक्षण
- दुर्व्यवहार, पीडा, शोषण, परित्याग, हेला, अपमान, गाली आदिबाट संरक्षण
- कुटपिट र यातनाबाट संरक्षण
- यौन शोषण, श्रम शोषण हुनबाट संरक्षण
- हानीकारक काम तथा युद्धमा संलग्नताबाट संरक्षण
- बेचबिखन र ओसारपसार हुनबाट संरक्षण
- लागुपदार्थ, नसालु पदार्थको कुलतबाट संरक्षण
- कानुनी संरक्षण

४. स = सहभागिताको अधिकार
(Right to Participation)

- निर्णयमा बालबालिकाको सहभागिता
- रचनात्मक कार्य, सामाजिक र सांस्कृतिक गतिविधिहरूमा सहभागिता
- आस्था अनुसारको धर्ममा संलग्न हुन पाउने
- कुनै कुराको जानकारी तथा सूचना पाउने र अभिव्यक्त गर्न पाउने
- सङ्घ संस्था खोल्ने तथा सहभागी हुने
- बालबालिकाको विचार र भावनाको कदर
- स्थानीय निकायको बालबालिका सम्बन्धी योजना तथा निर्णय प्रक्रियामा सहभागिता

| आर्थिक अभियन्ताका रूपमा महिला | क्रि.क. नं. १७ | कसरी सुधार गर्ने होला ? | समय : २५ मिनेट |
|---|---|---|---|

जन्मनु अघि नै शारीरिक बनोटले महिला वा पुरुष छुट्टिनुलाई लिङ्ग (**Sex**) भनिन्छ । महिला र पुरुषले गर्नुपर्ने व्यवहार तथा चाल चलनलाई सामाजिक संस्कारले तोकिदिन्छ वा गर्न बाध्य गराउँछ भने त्यसलाई लैङ्गिकता (**Gender**) भनिन्छ । महिला र पुरुषमा प्राकृतिक रूपमा भिन्नता छ । शारीरिक रूपमा केही शारीरिक अवयवहरू पनि फरक छन् । गर्भधारण गर्ने र स्तनपान गराउने कार्य महिलाले मात्र गर्न सक्छिन् भने शुक्रकीट प्रदान गर्ने काम पुरुषले मात्र गर्न सक्छन् । जैविक विभेद बाहेक अरू सबै समाजले सिर्जना गरेका विभेदहरू हुन् । समाजले नै चाहँदा यस्ता किसिमका विभेदहरू हटाउन सकिन्छ । सामाजिक रूपमा सिर्जना भएको महिला र पुरुष बिचको भिन्नता नै लैङ्गिक विभेद हो । लैङ्गिकता सम्बन्धी परम्परागत गलत मान्यताहरू हाम्रो समुदायमा धेरै छन् । यिनीहरूलाई घरपरिवार, विद्यालय, उद्योग, कलकारखाना, कार्यालय, धार्मिक स्थल आदिबाट क्रमशः हटाउँदै लानु आवश्यक छ । यसका लागि महिला सशक्तीकरण, शिक्षामा पहुँच तथा सिकाइमा समान सहभागिता हुनुपर्छ । यसका लागि सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न जरूरी छ । महिला र पुरुषको सहकार्यले व्यक्ति, परिवार, समुदाय र राष्ट्रको उत्पादनशीलता बढ्छ ।

| परम्परागत सोचाइ | सुधार गर्ने तरिका |
|---|---|
| १. छोरीलाई घरको काम मात्र गराउने, छोरालाई विद्यालय पठाउने । | छोरा र छोरी दुवैलाई विद्यालय पठाउने । छोरा र छोरी दुवैलाई घरमा काम गराउने । |
| २. छोरीलाई सामुदायिक विद्यालयमा, छोरालाई बोर्डिङ स्कुलमा पढाउने । | |
| ३. छोरालाई खाजा मासु, चिउरा र फलफुल, छोरीलाई मकै र बासी भात दिने । | |
| ४. छोराको लुगा महङ्गो पेन्ट, सर्ट र टाई, छोरीलाई भने सस्तो मस्तो पोशाक । | |
| ५. छोराका लागि अलग्गै सुत्ने कोठा, छोरीको ओछ्यान भान्छा कोठाको खाट । | |
| ६. पुरुषहरू कमाउन बाहिर जाने, महिलाहरूले घरधन्दा गर्ने । | |
| ७. घर व्यवहार सम्बन्धी निर्णय पुरुषले गर्ने, महिलाले आज्ञाकारी बनेर त्यो निर्णयको पालना गर्ने । | |
| ८. कमाइको पैसा पुरुषले राख्ने, खटाएर दिएको मात्र महिलाले खर्च गर्ने । | |
| ९. बैठक, भेला, सभा जस्ता सामुदायिक कार्यक्रमहरूमा पुरुष मात्र सहभागी बन्ने, महिलाले घरको मात्र काम गर्ने । | |

| परम्परागत सोचाइ | सुधार गर्ने तरिका |
|---|---|
| १०. पुरुषको नाममा मात्र बैंकमा खाता खोल्ने, महिलाले यसमा चासो राख्न नपाउने । | |
| ११. जग्गाधनीको लालपुर्जा पुरुषको नाममा बनाउने, महिलाले यस बारे सोध्नै नपाउने । | |
| १२. छोरालाई कम्प्युटर र इन्टरनेटको सुविधा दिने, छोरीलाई भने पुरानो मोबाइल । | |
| १३. छोरीलाई अर्काको नासो र छोरालाई आफ्नो भविष्यको आधार ठान्ने । | |
| १४. परिवारको दायित्व छोराको प्रगतिका लागि मा हो । छोरी त अर्काको घर जाने त हो नि । | |
| १५. घरभित्रका काम महिलाको मात्र हो । | |
| १६. छोरी मरी - गालै टरी । | |

| समूह | परम्परागत सोचाइ | सुधार गर्ने तरिका |
|---|---|---|
| क | १, २, ३, ४ | |
| ख | ५, ६, ७, ८ | |
| ग | ९, १०, ११, १२ | |
| घ | १३, १४, १५, १६ | |

**क्रियाकलाप :**

बराबर चार समूहमा बस्नुहोस् । समूहको नाम 'क', 'ख', 'ग' र 'घ' राख्नुहोस् । तपाईंको समूहलाई दिइएको शीर्षकहरूमा छलफल गरेर यसलाई सुधार गर्ने तरिका लेख्नुहोस् । पालैपालो अगाडि गएर आफ्नो समूहले तयार पारेको परम्परागत सोचाइमा सुधार गर्ने तरिकाहरू ठुलो समूहमा प्रस्तुत गर्नुहोस् । साथीहरूबाट थप सल्लाह तथा सुझावहरू आएमा तपाईंको प्रस्तुतिमा समावेश गर्नुहोस् ।

| आर्थिक अभियन्ताका रूपमा महिला | क्रि.क. नं. १८ | परिभाषा लेखौँ | समय : २० मिनेट |
|---|---|---|---|

महिला र पुरुषलाई समानस्तरमा पुऱ्याउन एकैनासे अवसरहरूबाट मात्र सम्भव हुँदैन । यसका लागि सकारात्मक विभेदको रूपमा आरक्षण जस्ता सुविधाहरूको अवसर सिर्जना गर्नुपर्छ । यस्तो व्यवहार लैङ्गिक समता हो । महिला र पुरुषलाई समान अवसर र समान अधिकार दिनु लैङ्गिक समानता हो । पुरुष र महिलाले प्रस्तुत गर्ने व्यवहारहरू जस्तै : पुरुषले घर लिप्न नहुने र महिलाले घर छाड्न नहुने भन्ने लैङ्गिक विवेद हो ।

| Sex | Gender | Equity | Equality | Gender role |
|---|---|---|---|---|

| महिला आरक्षण | महिला र पुरुषले प्रस्तुत गर्ने व्यवहार | महिला र पुरुषप्रति समान व्यवहार | प्राकृतिक प्रद्त्त शारीरिक संरचना | सामाजिक संस्कारले मानिसलाई गरेको विभेद |
|---|---|---|---|---|

**क्रियाकलाप :**

बराबर पाँच समूहमा बस्नुहोस् । समूहबाट एक एकजना अगाडि आएर परिभाषा लेख्नु पर्ने कुनै एउटा अङ्ग्रेजी शब्दको मेटाकार्ड मागेर लानुहोस् । तपाईंको समूहले लिएको शब्द वा शीर्षकको परिभाषाका बारेमा छलफल गर्नुहोस् । छलफलबाट आएका बुँदाहरू एउटा कागजमा नोट गर्नुहोस् । यी शब्दहरूको परिभाषा नेपालीमा पनि लेखिएका कार्डहरू छन् । एकजना आएर तपाईंको शब्दसँग नेपालीमा परिभाषा मिल्ने एउटा कार्ड फेरि लिएर जानुहोस् । अघि छलफल गरेका कुराहरू नेपालीमा लेखिएको मेटाकार्डसँग मिले नमिलेको जाँच गर्नुहोस् । गलत कार्ड ल्याएर नमिलेको हो कि, तपाईंहरूले लेखेको परिभाषा नै गलत भएको हो ? पत्ता लगाउनुहोस् । गलत कार्ड ल्याउनु भएको भए त्यो कार्ड लगेर पहिलेकै ठाउँमा राखी ठिक कार्ड ल्याउनुहोस् । तपाईंहरूले लेखेको परिभाषा नै गलत भएको भए सुधार गर्नुहोस् । टोली नेता अगाडि आई आप्नो समूहको परिभाषा ठुलो समूहमा प्रस्तुत गर्नुहोस् । साथीहरूबाट केहि सुझाव अएमा तिनीहरूलाई समावेश गरी तपाइँको परिभाषामा सुधार गर्नुहोस् ।

| आर्थिक अभियन्ताका रूपमा महिला | क्रि.क. नं. १९ | घटना अध्ययन | समय : २५ मिनेट |
|---|---|---|---|

लैङ्गिक विभेदका कारण पछाडि परेका वा पारिएका महिलाहरूलाई परिवारबाट सशक्तीकरण सुरू गरी समुदाय र राष्ट्रिय स्तरसम्म लैङ्गिक सशक्तीकरण गर्दै जानु आजको आवश्यकता हो । महिलाहरू स्वयम्ले पनि परिवारको आर्थिक अभियन्ताका रूपमा अगाडि बढ्ने प्रयास गर्नुपर्छ । परिवारका सदस्यहरूले उनीहरूको अभियानमा काँधमा काँध मिलाएर सहयोग गर्ने र हौसला बढाउने कार्यहरू गर्नुपर्छ । महिला पुरुष दुवैको सहकार्यमा पारिवारिक आर्थिक योजना बनाएर कार्यक्रमहरू सञ्चालन गर्ने गरेमा परिवारको आर्थिक उन्नति सम्भव छ । प्रत्येक परिवारको आर्थिक समुन्नति भएमा समुदाय र राष्ट्र समुन्नत हुन्छ ।

केही समय अघिसम्म रोमिलाको हातमा पैसा पर्न मुस्किल थियो । उनले यो गुनासो आफ्नो श्रीमान् रोशनसँग गरिन् । रोशनले भैगो नि त भनेर केही रकम उनको हातमा थमाए । उनीहरू दुवै जनाले कुनै उद्यम गर्ने सल्लाह गरे । रोमिलाले त्यो पैसा उद्यममा लगाएर यसलाई सफल पार्न खुब मिहिनेत गरिन् । केहि समयमा नै उद्यमले राम्रो आम्दानी दियो । त्यसबाट प्राप्त केहि रकम बचत गर्ने सल्लाह गरेर उनीहरूले रोमिलाका नाममा बैंकमा खाता खोले । समय समयमा खातामा रकम जम्मा गर्दै जाँदा निकै ठुलो धनराशी जम्मा भयो । उनीहरूले शेयर पनि खरिद गर्ने निधो गरे । कुनै वित्तीय संस्थाको शेयर निष्कासन भएको समय पारेर केहि शेयर पनि उनीहरूले रोमिलाकै नाममा खरिद गरे । उनीहरूले उद्यमलाई अझ प्रभावकारी पारे । अब त उनीहरू रोमिलाको अगुवाइमा पारिवारिक आर्थिक योजना बनाएर त्यसका लागि आवश्यक कार्यक्रम समेत तर्जुमा गरी अगाडि बढ्ने गरेका छन् । यस्ता योजनाहरूमा पनि उनीहरूलाई सफलता मिल्दै आएको छ । अब उनीहरू सम्पन्न परिवार अन्तर्गत पर्छन् । उनीहरू आफ्ना छोराछोरीलाई पनि राम्रा विद्यालयमा पढाइरहेका छन् ।

प्रश्नहरू :

(क) पहिले रोमिलाको अवस्था कस्तो थियो ?

(ख) उनको उन्नतीमा क-कसको कस्तो सहयोग रह्यो ?

(ग) उनले के के उन्नती गरिन् ?

(घ) रोमिलाले आर्थिक अभियन्ताका रूपमा भूमिका कसरी खेलिन् ?

(ङ) तपाईंका परिवारमा महिलालाई आर्थिक अभियन्ता बनाउन के के प्रयास गर्न सक्नुहुन्छ ?

**क्रियाकलाप :**

बराबर पाँच समूहमा बस्नुहोस् । माथिको घटना अध्ययन गरी सोधिएका प्रश्नहरूमा छलफल गर्दै क्रमश: सबै उत्तर लेख्नुहोस् । पालैपालो सबै समूहबाट अगाडि आएर ठुलो समूहमा प्रस्तुत गर्नुहोस् । साथीहरूबाट प्राप्त सुझावहरूलाई आत्मसाथ गर्नुहोस् ।

| आर्थिक अभियन्ताका रूपमा महिला | क्रि.क. नं. २० | जुहारी खेलौं | समय : २० मिनेट |
|---|---|---|---|

१. सेक्स भनेको के हो ?

२. लैङ्गिकता भनेको के हो ?

३. लैङ्गिक समानता भनेको के हो ?

४. लैङ्गिक समतालाई कसरी लिनुहुन्छ ?

५. पारिवारिक आर्थिक योजना भनेको के हो ?

६. पारिवारिक आर्थिक योजनामा महिलाको भूमिका कस्तो हुनुपर्छ ?

७. महिलालाई आर्थिक अभियन्ताका रूपमा अगाडि बढाउन तपाईं के के गर्न सक्नुहुन्छ ?

८. लैङ्गिक विभेदीकरण भन्नाले के के बुझिन्छ ?

९. समान योग्यता भएका पुरुष र महिला दुवैले जागिर खान परिवारमा क-कसको सहयोग चाहिन्छ ?

१०. महिलालाई घर बाहिर संलग्न गराई आर्थिक उन्नती गर्न के के गर्न सकिन्छ ?

११. उत्पादनशील कार्यमा महिला सहभागिता बढाउन के के गर्नुपर्छ ?

१२. महिला स्वरोजगार भन्नाले के बुझिन्छ ?

१३. लैङ्गिक भूमिका भनेको के हो ?

१४. के के मा महिला आरक्षण हुनुपर्छ ?

१५. समता र समानतामा के फरक छ ?

**क्रियाकलाप :**

बराबर दुई समूहमा विभाजित हुनुहोस् । आमने/सामने हुनेगरी समूहमा बस्नुहोस् । समूहका साथीहरूको रोलनम्बर निर्धारण गर्नुहोस् । माथिका प्रश्नहरू लेखिएका मेटाकार्डको बन्डल समूहको बिचमा राख्नुहोस् । रोलनम्बर १ ले बन्डलबाट एउटा प्रश्नको मेटाकार्ड लिनुहोस् र त्यसमा लेखिएको प्रश्न पढेर सुनाउनुहोस् । अर्को समूहको रोल नम्बर १ लाई प्रश्नको उत्तर भन्न लगाउनुहोस् । अब त्यही समूहको रोल नम्बर २ ले एउटा प्रश्न लेखेको मेटाकार्ड लिनुहोस् र प्रश्न पढेर सुनाउनुहोस् । अर्को समूहको रोल नम्बर २ ले त्यसको उत्तर दिनुहोस् । यसरी पालैपालो सबै प्रश्नहरूको उत्तर दिँदै जुहारी खेल खेल्नुहोस् ।

| उपभोक्ता शिक्षा | क्रि.क. नं. २१ | प्रभाव पत्ता लगाऔं | समय : २० मिनेट |
|---|---|---|---|

मानिसले जीवन निर्वाहको क्रममा प्रयोग गर्ने वस्तुहरू जस्तैः लत्ता कपडा, खानेकुरा, सिकाइ समाग्री, सौन्दर्य सामग्री जस्ता अत्यावश्यक र विलासिताका वस्तुहरू उत्पादन गर्दा प्राकृतिक वातावरणमा प्रभाव पारेको हुन्छ । त्यस्ता वस्तुप्रति समाजको सकारात्मक वा नकारात्मक धारणा हुन्छ । वस्तु उत्पादन गर्दा पैसा खर्च हुन्छ, नाफा वा नोक्सान पनि हुन सक्छ । श्रमिकहरूले उचित वा अनुचित ज्याला पाइरहेका हुन्छन् । यी कुराहरू आर्थिक प्रभाव अन्तर्गत पर्छन् । यस्तै निर्णयको प्रभावमा वस्तु उत्पादन गर्दा उद्योगपति आफैँले मात्र वा श्रमिक र उपभोक्ताहरू समेतको सहभागितामा गर्ने भन्ने कुराहरू पर्दछन् । वस्तु उपभोग गर्ने हरेक उपभोक्ताले यी कुराहरू थाहा पाइराख्नु पर्छ ।

प्राकृतिक वातावरणमा पर्ने प्रभाव

सामाजिक धारणा



आर्थिक प्रभाव

निर्णय सम्बन्धी प्रभाव

**क्रियाकलाप :**

चार-चार जनाको समूहमा बस्नुहोस् । समूहको नाम 'क', 'ख', 'ग' र 'घ' राख्नुहोस् । तपाईंले दैनिक रूपमा उपभोग गर्दै आउनु भएको वा आफ्नो जीवनमा उपभोग गर्न चाहेको कुनै एउटा वस्तुको चित्र न्युजप्रिन्टमा बनाउनुहोस् । त्यसलाई समूहको बिचमा राख्नुहोस् । चार जनामध्ये एकजना साथी चित्रको माथिल्लो भागमा, एकजना चित्रको तल पट्टिको भागमा, तेस्रो दायाँ र चौथो बायाँ पट्टि बस्नुहोस् । समूह 'क' का लागि उदाहरण स्वरूप टि-सर्टको चित्र र त्यहाँ लेख्नुपर्ने कुराहरू दिइएका छन् । यसलाई राम्ररी अध्ययन गर्नुहोस् । चित्रको माथिल्लो भागमा बस्ने समूहले तपाईंहरूले बनाएको वस्तु (चित्र) को उत्पादन गर्दा त्यसले प्राकृतिक वातावरणमा पार्ने प्रभाव छलफल गर्दै लेख्नुहोस् । चित्रको तल्लो भागमा बस्ने समूहले तपाईंहरूले बनाएको वस्तु (चित्र) को उत्पादन गर्ने निर्णय कसले गरेको हो, भन्ने कुराहरू छलफल गर्दै लेख्नुहोस् । चित्रको दायाँ पट्टि बस्ने समूहले तपाईंहरूले बनाएको वस्तु (चित्र) ले समुदाय र व्यक्तिमा कस्तो आर्थिक प्रभाव पार्दछ भन्ने कुराहरू लेख्नुहोस् । बायाँपट्टि बस्ने समूहले तपाईंहरूले बनाएको वस्तु (चित्र) प्रति समाजमा रहेको धारणाहरू लेख्नुहोस् । प्रत्येक समूहले अगाडि आएर ठुलो समूहमा प्रस्तुत गर्नुहोस् । साथीहरूको जिज्ञासा तथा प्रश्नहरू भएमा सम्बन्धित समूहका साथीहरूले प्रष्ट पारिदिनुहोस् ।

| उपभोक्ता शिक्षा | क्रि.क. नं. २२ | घटना अध्ययन | समय : १५ मिनेट |
|---|---|---|---|

स्वच्छ व्यवसाय (Fair Trade) गर्ने व्यवसायीले सबै उपभोक्ताहरूबाट सम्मान पाउँछन् । स्वच्छ व्यवसायले प्राकृतिक वातावरण, मानिसको स्वास्थ्य, सामाजिक भावनामा र वित्तीय व्यवहारमा समेत सकारात्मक प्रभाव पारेको हुन्छ । यसले उत्पादन सम्बन्धी निर्णय लिँदा कार्यरत व्यक्ति वा संस्था र उपभोक्ता समेतको सहभागिता रहन्छ । व्यवसाय सञ्चालन गर्दा वा वस्तु उपभोग गर्दा स्वच्छ व्यवसायको मर्यादा पालना गर्नु आम नागरिकको दायित्व हो ।

जाकिर र मन्तसाले आफ्नै खेतबारीमा अर्गानिक तरकारी खेती गर्ने गरेका छन् । उनीहरूको खेतबाट धेरै किसिमका तरकारीहरू उत्पादन भइरहेका छन् । उनीहरू तरकारीमा कुनैपनि विषादी प्रयोग गर्दैनन् । आफ्नै खेतबारीको छेउमा गोठ बनाएर गाईवस्तु पनि पालेका छन् । तरकारी खेतीका लागि तिनै गाईबस्तुको मलले पुगेको छ ।

तरकारी बारीको छेउमा एउटा सानो टहरा बनाएका छन् । उत्पादन भएका तरकारीहरू टिपेर त्यही टहरामा राख्ने गर्छन् । अर्गानिक तरकारी किन्ने मानिसहरू त्यहीँ आउँछन् । जाकिर र मन्तसा त्यहीबाट तरकारी बेच्छन् । उनीहरूलाई तरकारी बेच्न बजार लगिरहनु पर्दैन । प्रत्येक दिन बेलुकीपख उनीहरूको पसलमा ग्राहकहरूको भिड लाग्दछ । बजार मूल्य भन्दा उनीहरूको तरकारी केहि महँगो छ तर यसबाट उनीहरूले धेरै नाफा लिने गर्दैनन् । उत्पादन खर्चकै कारणले उनीहरूको तरकारी केही महँगो भएको हो । तर पनि विक्री बढी भएका कारण यसले उनीहरूको आर्थिक उन्नतीमा ठुलो टेवा पुऱ्याएको छ । तरकारीको मूल्यसँग कुनैपनि ग्राहकको गुनासो छैन । उनीहरू तरकारी खेतीलाई अझ ठुलो स्तरमा बढाउन प्रयत्नरत छन् ।

प्रश्नहरू :

(क) अर्गानिक खेती व्यवसायी र उपभोक्ताका लागि किन फाइदाजनक छ ?

(ख) अर्गानिक खेतीबाट उत्पादित वस्तुहरू किन स्वस्थकर हुन्छन् ?

(ग) जाकिर र मन्तसाको व्यवसायलाई स्वच्छकर भनेर पुस्ट्याँइ गर्नुहोस् ।

(घ) उनीहरूको व्यवसायले स्थानीय प्राकृतिक वातावरण, सामाजिक धारणा, आर्थिक र निर्णय प्रक्रियामा कस्तो प्रभाव पारेको छ ?

**क्रियाकलाप :**

स्वयम्सेवक रूपमा एकजना साथी कक्षाको अगाडि गएर माथिको घटना ठुलो स्वरमा वाचन गरेर सुनाउनुहोस् । 'क' नम्बरको प्रश्न पनि पढ्नुहोस् । एकजना साथीको नाम भनेर उहाँलाई प्रश्नको उत्तर भन्न लगाउनुहोस् । उहाँले भनेको उत्तर सही छ वा छैन बाँकी साथीहरूलाई सोध्नुहोस् । सुधार गर्न पर्ने भए उहाँहरूको सुझावलाई स्वीकार गर्दै धन्यवाद दिनुहोस् । अब यो पाना पनि उहाँलाई नै दिनुहोस् । पाना लिने साथीले 'ख' नम्बरको प्रश्न पढ्नुहोस् । एकजना साथीको नाम भनेर उहाँलाई प्रश्नको उत्तर भन्न लगाउनुहोस् । उहाँले भनेको उत्तर सही छ वा छैन बाँकी साथीहरूलाई सोध्नुहोस् । 'ग' र 'घ' नम्बरका प्रश्नहरूमा पनि यसरी नै अभ्यास गर्नुहोस् ।

| उपभोक्ता शिक्षा | क्रि.क. नं. २३ | उपभोक्ताका अधिकार र दायित्व | समय : ३५ मिनेट |
|---|---|---|---|

उत्पादक र उपभोक्ता, विक्रेता र क्रेता तथा सेवा प्रदायक संस्था र सेवाग्राही आदि दुवै पक्षका मानिसहरूको उत्पादन र उपभोगमा उत्तिकै दायित्व र अधिकार हुन्छ । उपभोक्ता शिक्षा भन्नाले प्रत्येक उपभोक्ताले वस्तु वा सेवा उपभोग गर्ने क्रममा त्यस सम्बन्धी आवश्यक जानकारी सेवा प्रदायक संस्था वा व्यक्तिबाट सम्मानसाथ पाउनु हो । वस्तु वा सेवा उपलब्ध गराउने संस्था वा व्यक्तिप्रति उपभोक्ताको पनि सम्मानजनक व्यवहार प्रस्तुत गर्ने र यसको मूल्य तिर्नु पर्ने दायित्व हो । कसैले पनि मानिसको स्वास्थ्य र सामाजिक मूल्य मान्यतामा नकारात्मक प्रभाव पार्ने वस्तुको उत्पादन, बिक्री वितरण र उपभोग गर्नु हुँदैन । यसो गर्न कानुनले पनि छुट दिँदैन । घरेलु रक्सी बनाउने र बेच्ने, निषेधित दबाइ बिक्री गर्ने, गाँजा र अफिम उत्पादन तथा बेचबिखन गर्ने, उत्पादन र बिक्री तथा वितरण गर्ने अधिकार प्राप्त नगरी श्रव्य दृष्य सामग्री उत्पादन र बिक्री तथा वितरण गर्ने, सेवाहरूमा तोकिएको दरभन्दा बढी दस्तुर लिने, मिसावट गर्ने, विषादिको अत्याधिक प्रयोग गर्ने, हानिकारक रसायनयुक्त श्रृङ्गार सामग्री बनाउने आदि अनियमित उत्पादन र सेवाहरू हुन् । विज्ञापन गरिएका वस्तुको उपादेयता केलाएर मात्र खरिद गरी उपभोग गर्न उपभोक्ता सचेत रहनु पर्छ । जिम्मेवार उपभोक्ताले उपभोग सम्बन्धी आफ्ना अधिकारहरू प्राप्त गर्न प्रयास गर्नु पर्दछ । यस सम्बन्धी व्यवस्था उपभोक्ता ऐनमा उल्लेख गरिएको छ ।

| समूह -क | जिम्मेवार उपभोक्ताका विशेषताहरू के के हुन् ? सो को सूची तयार गर्नुहोस् । |
|---|---|

| समूह -ख | कुनै पसलमा वस्तु किन्दा उपभोक्ता र पसलेले गर्नुपर्ने व्यवहारहरूको सूची तयार गर्नुहोस् । | |
|---|---|---|
| | पसले | उपभोक्ता |
| | | |

| समूह -ग | वित्तीय संस्थाहरूबाट ग्राहकले सेवा लिँदा संस्था र ग्राहकका जिम्मेवारीहरूको सूची तयार गर्नुहोस् । | |
|---|---|---|
| | संस्था | ग्राहक |
| | | |

| समूह -घ | अनियमित उत्पादनहरूको सूची तयार गर्नुहोस् । |
|---|---|

| समूह -ङ | विज्ञापन गरिएका वस्तुको प्रयोग गर्दा सचेत हुनुपर्ने कुराहरूको सूची तयार गर्नुहोस् । |
|---|---|

**क्रियाकलाप :**

एकजना साथी कक्षाको अगाडि आउनुहोस् । क्रियाकलापको शीर्षक कालोपाटीमा लेख्नुहोस् । माथि बाकसमा भएको कुरा ठुलो स्वरमा पढेर सुनाउनुहोस् । शिक्षकसँग बाकसको कुरा लेखेको कार्ड मागेर सबैले देख्ने गरी भित्तामा टाँस्नुहोस् । बराबर पाँच समूहमा बस्नुहोस् । समूहको नाम 'क', 'ख', 'ग', 'घ' र 'ङ' राख्नुहोस् । तपाईंको समूहको कार्ड लिनुहोस् । समूहमा बसेर आफ्नो समूहलाई तोकिएको कार्यहरू पुरा गर्नुहोस् । समूहबाट तयार पारेका सूचीहरूलाई कक्षा कोठाका चारैतिरका भित्ताहरूमा अलग-अलग ठाउँमा टाँस्नुहोस् । सबै समूहका सूचीहरू समूहका सबै सदस्यहरूले घुमेर पढ्नुहोस् । आफू प्रष्ट नभएका कुराहरू वा केहि जिज्ञासा भए आ-आफ्नो नोटकापीमा नोट गर्नुहोस् । सबै सूचीहरू पढीसकेपछि ठुलो समूहमा बस्नुहोस् । अघि नोट गरेका कुराहरू सम्बन्धित समूहलाई सोध्नुहोस् । सम्बन्धित समूहले प्रष्ट्याउने वा उत्तर दिने कार्य गर्नुहोस् ।

| उपभोक्ता शिक्षा | क्रि.क. नं. २४ | हाम्रो समय हाम्रो भेट | समय : २० मिनेट |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. उपभोक्ता | २. उपभोक्ताका अधिकार | ३. उपभोक्ताको दायित्व | ४. अनियमित उत्पादन |
| ५. उपभोग र वातावरण | ६. विज्ञापन | ७. उपभोगको सामाजिक प्रभाव | ८. उपभोग र आर्थिक प्रभाव |
| ९. उपभोक्ता र व्यापारी | १०. संस्था र सेवाग्राही | ११. स्वच्छ व्यवसाय | १२. जिम्मेवार उपभोक्ताका गुणहरू |

## क्रियाकलाप




सबै जनाले आ-आफ्नो कापीको एउटा सादा पानामा ठुलो घडीको चित्र बनाउनुहोस् । अङ्क पनि लेख्नुहोस् । एक जना साथी खोज्नुहोस् । उहाँसँग सल्लाह गरेर घडीको कुनै एउटा समयका लागि सहमति गरेर त्यो सङ्ख्याको नजिकै त्यस साथीको नाम लेख्नुहोस् । साथीका घडीको त्यहि सङ्ख्याको नजिकै तपाईंको नाम पनि लेख्न लगाउनुहोस् । यसरी घडीको १२ ओटै अङ्कको नजिकै फरक फरक साथीको नाम उनीहरूको सहमति गराएर लेख्नुहोस् ।




शिक्षकले भने अनुसारका नम्बरको साथी खोज्नुहोस् । कार्डहरूको गड्डीबाट कुनै एउटा कार्ड लिएर साथीसँग बस्नुहोस् । त्यो कार्डको विषयवस्तु कापीमा लेख्नुहोस् । त्यसको बारेमा दुई जना मिलेर छलफल गर्नुहोस् । कार्ड अघि ल्याएको ठाउँमा लगेर राख्नुहोस् । घडीमा त्यो साथीको नाममा गोलो घेरा लगाउनुहोस् । अब फेरि शिक्षकले भने अनुसारका नम्बरको साथी खोज्नुहोस् । गड्डीबाट अर्को कार्ड लानुहोस् । त्यसको बारेमा दुई जना मिलेर छलफल गर्नुहोस् । कार्ड अघि ल्याएको ठाउँमा लगेर राख्नुहोस् । घडीमा त्यो साथीको नाममा गोलो घेरा लगाउनुहोस् । यसरी नै सबै कार्डहरूमा साथीहरूसँग बसेर छलफल गर्नुहोस् ।

| पर्यावरणप्रति जिम्मेवार तथा मितव्ययी जीवनशैली | क्रि.क. नं. २५ | वातावरण अवलोकन | समय : २० मिनेट |
|---|---|---|---|

ढुङ्गा, माटो, पानी, रूख विरूवा, खनिज, जीवजन्तु आदि मानिसका लागि निरन्तर रूपमा चाहिने प्राकृतिका स्रोतहरू हुन । यिनै स्रोतहरूसँगको हाम्रो सम्बन्ध नै हाम्रो वातावरण हो । मानव जीवनमा यिनीहरूलाई कुनै न कुनै रूपमा प्रयोग गरिरहनु पर्ने हुन्छ । यस्ता वातावरणीय वस्तुको प्रयोगमा सावधानी र मितव्ययिता नअपनाएमा यी स्रोतमा कमी आउँछ । साथै भावी पिँढीलाई अपुग हुने अवस्था सिर्जना हुन्छ । यसको जथाभावी प्रयोगले प्राकृतिक वातावरण असन्तुलन हुन गई विपदहरू पनि निम्तिन सक्छन् ।

मान्छे : ए ढुङ्गा । तिमी त मेरा लागि धेरै काम लाग्ने वस्तु हौं । घर बनाउन, पर्खाल लगाउन र पहिरो रोक्न हामीलाई तिम्रो सहयोग चाहिन्छ ।

ढुङ्गा : तिमीहरूबाट पनि मैले आशा राखेको छु । जथाभावी खनेर हामीलाई नफिक । खोला, बगर, खेतबारी आदिमा रहेका हाम्रा सन्तानलाई मात्र प्रयोग गर । थोरैले पुऱ्याउने कोसिस पनि गर ।

मान्छे : ठिकै भन्यौ अब म पहिरो जाने गरी खनेर ढुङ्गाहरू निकाल्दिन । फारू पनि गर्छु ।

ढुङ्गा : धन्यवाद । तिमी बुद्धिमान रहेछौं । यो कुरा अरूलाई पनि सिकाऊ ल ।

**क्रियाकलाप :**

शिक्षकको सहयोगमा सबैजना साथीहरू कापी कलम लिएर विद्यालय नजिकैको प्राकृतिक वातावरणमा जानुहोस् । तपाईंहरू जानुभएको ठाउँ वरिपरि प्रकृतिसँग सम्बन्धित भएका वस्तुहरू हेर्नुहोस् । तपाईंहरूले देख्नु भएका केहि वस्तुहरूको नाम कापीमा लेख्नुहोस् । तपाईंलाई सबैभन्दा बढी मन परेको एउटा प्राकृतिक वस्तु लिएर कक्षा कोठामा आउनुहोस् । कक्षाका साथीहरू बराबर चार समूहमा विभाजित हुनुहोस् । प्रत्येक समूहका साथीहरूले ल्याउनुभएका वस्तुहरू बिचमा राखेर समूहका साथीहरू त्यसको वरिपरि बस्नुहोस् । कक्षाबाट एउटा न्युजप्रिन्ट र साइनपेन ल्याउनुहोस् । तलको जस्तै तालिका बनाएर तपाईंको समूहको बिचमा भएका वस्तुहरू बढी र कम उपभोग हुनेका आधारमा क्रम मिलाएर सूची खडा गर्नुहोस् :

| वस्तुको नाम | बढी उपभोग हुने | कम उपभोग हुन | वस्तु र मानिस बिच के सम्बन्ध छ ? |
|---|---|---|---|
| रूख | √ | | घाँस, दाउरा, काठ, वायुमण्डल सन्तुलन, वर्षा, जमिनको सुरक्षा, ...................... |
| | | | |

समूहमा भएको कुनै एउटा वस्तुलाई लिएर उदाहरणमा दिए जस्तै सम्बाद अभिनय तयार पार्नुहोस् । समूहको दुई जना साथी अगाडि गएर तालिकामा भएका कुराहरू प्रस्तुत गर्नुहोस् । अर्को दुई जना साथी अगाडि गएर सम्बाद अभिनय प्रस्तुत गर्नुहोस् । तालिका र सम्बाद अभिनय प्रस्तुतीकरण पश्चात साथीहरूको प्रतिक्रिया तथा सुझाव माग गर्नुहोस् ।

| पर्यावरणप्रति जिम्मेवार तथा मितव्ययी जीवनशैली | क्रि.क. नं. २६ | फारु गरौं | समय : १५ मिनेट |
|---|---|---|---|

घर परिवार, समुदाय र वातावरणीय वस्तुको प्रयोगमा मितव्ययिता अपनाउनु हामी सबैको कर्तव्य हो । घाँस, दाउरा, कोइला, गुइठा, पानी, विजुली, ग्यास, इन्धन आदि जस्ता वस्तुहरू र समयलाई सदुपयोग गर्नु सबै को दायित्व हो । यिनीहरूको बचतले अप्रत्यक्ष रूपमा पैसाको बचत हुन्छ । त्यसैले सबै वस्तुहरू फारु गरेर प्रयोग गरौं ।

| | |
|---|---|
| एउटै बत्ती प्यासेजमा बाल्दा सबैतिर देखिन्छ त किन लहरै तिनओटा बालेको ? | पानी उम्लिएको पाँच मिनेट भइसक्यो ग्यास/दाउरा/हिटर बलेको बल्यै छ । |
| पानीको मुहान सानो छ । पानीका गाग्रा थाप्न त पुग्दैन, घर बनाउँन पनि त्यही पानी प्रयोग गरेपछि काकाकुल नभए के हुन्छ त ? | खेतबारीका रूख सबै काटेर दाउरा बनाएपछि वर्षामा बाढीले खेतबारी बगाउँदैन त ? |
| खानेपानीको मुहानमा दिसा धोएपछि त्यो पानी कसरी खाने ? | बाटो माथि पहाडको खानी खोतल्दै ढुङ्गा फिकेपछि पहिरो झरेर बाटो बन्द नभए अरू के हुन्छ ? |
| अरू के केमा फारू गर्न सकिन्छ ? | |

**क्रियाकलाप :**

माथिका अभिव्यक्ति लेखिएका मेटाकार्डहरू टेबलमा राखिएका छन् । क्रमैसँग एक एकजना अगाडि गएर एउटा-एउटा कार्ड लिएर आउनुहोस् । कार्ड लिने ६ जना साथीहरू कक्षाको फरक फरक ६ ठाउँमा उभिनुहोस् । कक्षामा बाँकी भएका साथीहरूलाई एक-एक जना गरी पालैपालो आ-आफ्नो समूहमा बोलाउनुहोस् । तपाईंको समूहको मेटाकार्डमा भएको अवस्था सम्बन्धमा छलफल गर्नुहोस् । प्रकृतिमा भएको उक्त वस्तुको उपयोगिता र उपभोग गर्दा ख्याल राख्नुपर्ने कुरा समूहमा छलफल गर्नुहोस् र बुँदा टिपोट गर्नुहोस् । छलफलबाट टिपोट गरिएका बुँदालाई ठुलो समूहमा प्रस्तुत गर्नुहोस् । साथीहरूबाट आएका सुझावहरू समावेश गरी यसलाई अझ प्रभावकारी बनाउनुहोस् ।

| पर्यावरणप्रति जिम्मेवार तथा मितव्ययी जीवनशैली | क्रि.क. नं. २७ | टोकरीमा हालौं | समय : १० मिनेट |
|---|---|---|---|


**क्रियाकलाप :**

शिक्षकले दिनुभएको कागजका टुक्राहरू सबै साथीहरूलाई पास गर्नुहोस् । माथि उल्लेखित बाहेक आफूले जीवनमा फारु गर्नुपर्ने कुराहरूमध्ये अठोट गर्न मन लागेको एउटा कुरा लेखेर पट्याई टोकरीमा हाल्नुहोस् । सबैले टोकरीमा हालेपछि टोकरी शिक्षकलाई दिनुहोस्। शिक्षकले टोकरी बेस्सरी हल्लाएर फेरि तपाईंहरूलाई दिनुहुने छ । तपाईंहरू सबैले एक-एक ओटा कागजको टुक्रा भिक्नुहोस्। तपाईंले लिनु भएको कागजमा लेखिएको कुरा पढ्नुहोस्। आफू प्रष्ट हुन नसकेमा नजिकैको साथीको सहयोगमा प्रष्ट हुनुहोस् । अध्ययन गर्ने समय सकिएपछि पालैपालो आफ्नो ठाउँबाट उठेर ठुलो स्वरमा पढेर सुनाउनुहोस्। प्रत्येकले पढेर सुनाएका फारु गर्नुपर्ने कुराहरूमा त्यस वस्तुलाई प्रयोग गर्दा 'फारु गर्छौं- गर्छौं' भनेर प्रतिबद्धता जनाउनुहोस्।



| आफ्नो र अरूको सुरक्षा | क्रि.क. नं. २८ | हाम्रो सम्मान खोइ ? | समय : १५ मिनेट |
|---|---|---|---|

बालबालिका तथा किशोर किशोरीहरूले जहाँ पनि सुरक्षाको अनुभूति प्राप्त गर्नुपर्छ । शारीरिक र मानसिक दुवै किसिमले सुरक्षित हुन पाउनु पर्छ । उनीहरू माथि गाली बेइज्जती, भेदभाव र कुटपिट जस्ता दुर्व्यवहार गरिनु हुँदैन । बालबालिकाले पनि यस्ता व्यवहारहरूबाट आफू सुरक्षित रहने र अरूको पनि सुरक्षा गर्न प्रयत्नरत रहुनपर्छ । सानो होस् वा ठुलो आफ्नो सम्मान खोज्नेले अरूलाई पनि सम्मान गर्न जान्नु पर्छ ।



**खाते, चोर, थाङ्ने, भाते, अनिकाले, हन्तकाली, पृथ्वीको भार, भुत्ल्याइ दिउँ, मारीदिउँ कि के हो ? अलच्छिनी, बाबु टोक्वा, बोक्सी, अभागी, ल खा, ए कुट ।**

## क्रियाकलाप :

माथिका गाली गलोज र दुर्व्यवहार सम्बन्धी शब्दहरू व्यक्तिगत रूपमा अध्ययन गर्नुहोस् । यी शब्दहरू तपाईँलाई मन पर्छन् ? पर्दैनन् भने किन ? यस्ता शब्दहरू तपाईं र अरू बालबालिका तथा किशोर किशोरी माथि परिवार र समुदायका कसैले प्रयोग गर्ने गरेका छन् ? छन् भने यस्ता विभेदजनक र मान्छेमा असुरक्षाको अनुभूति गराउने व्यवहार रोक्न तपाईं के गर्न सक्नु हुन्छ ? एक छिन सोचेर व्यक्तिगत रूपमा लेख्नुहोस् । अब ४ समूहका बस्नुहोस् । समूहका साथीहरूको टिपोट छलफल गर्दै एउटा प्रतिवेदन बनाउनुहोस् । समूहको प्रतिवेदन ठुलो समूहमा प्रस्तुत गर्नुहोस् । विद्यालयमा पनि यस्ता दुर्व्यवहार हुने गरेका त छैनन् ? छन् भने कसरी हटाउने भन्ने बारेमा पनि छलफल गर्नुहोस् ।

| आफ्नो र अरूको सुरक्षा | क्रि.क. नं. २९ | सहयोगी मुटु | समय : २० मिनेट |
|---|---|---|---|

हाम्रो समाजमा लान्छना, भेदभाव, शोषण र उत्पिडन जस्ता मानवता विरोधी व्यवहारहरू भइरहेका कुरा समाचारमा आउने गर्छन्। यस्ता व्यवहारहरू हटाउन र वाध्यात्मक परिस्थितिको सामना गर्न हामी सदैव तयार रहनु पर्छ। आफू र अरू जो भए पनि असुरक्षित छ भन्ने भएमा त्यसबाट निस्कन र निकाल्न प्रयास गर्नु हामी सबैको जिम्मेवारी हो।

**अवस्था १**

लक्ष्मीलाई एचआइभी सारेर श्रीमान् स्वर्गीय भए। परिवार र समुदाय नै मिलेर 'पोइ टोक्ने एड्सकी पोको' भनेर लान्छना लगाई उनलाई घरबाट निकाले।

**अवस्था २**

गौरी अर्काको घरमा काम गर्छिन्। उनी पढ्न विद्यालय जान चाहन्छिन्। घर मालिक उनीसँग नाजायज सम्बन्ध राख्न चाहन्छन्। उनको चाहना पुरा गर्न दिए विद्यालय पठाउने नत्र नपठाउने कुरो उनको छ।

**अवस्था ३**


श्याम बहिरा हुन्। उनी बोल्न सक्दैनन्। उनलाई सबैले लाटो भन्छन्। हेला गर्छन। घर परिवारमा पनि उनलाई भेदभाव गर्छन्। उनी यस्ता व्यवहारले गर्दा अत्यन्तै चिन्तित छन्।

**अवस्था ४**

रेशिका १५ वर्षकी भइन्। कक्षा ९ मा पढ्न जान्छिन् तर नियमित रूपले विद्यालय जान उनकी सौतेनी आमाले दिन्नन्। उनकी आमा उनी सानै हुँदा स्वर्गीय हुनु भएछ। सौतेनी आमाले जति दुर्व्यवहार गरे पनि उनी सहेर बाँचिरहेकी छिन्। अस्ति त रमिलासँग मरौं जस्तो लाग्छ पो भनिछन्।

**क्रियाकलाप :**

चार समूहमा विभाजित भएर एक-एक ओटा अवस्था जिम्मा लिनुहोस्। अवस्था अन्तर्गत असुरक्षा वा हिंसामा परेका व्यक्तिहरूलाई सहयोग गर्न तपाईंहरू के कस्ता प्रयास गर्न सक्नु हुन्छ ? न्युजप्रिन्टमा मुटुको ठुलो चित्र बनाई त्यसभित्र तपाईंले गर्न सक्ने सहयोगहरू लेख्नुहोस्। समूहले लेखेको कुरा ठुलो समूहमा सुनाउनुहोस्।



| आफ्नो र अरूको सुरक्षा | क्रि.क. नं. ३० | हात मिलाऔं | समय : १० मिनेट |
|---|---|---|---|

**क्रियाकलाप :**

गोलो घेरामा उभिएर नजिकको साथीसँग हात मिलाई यस पाठमा सिकेको एउटा कुरो बताउनुहोस् र आफू गोलो घेरा बाहिर उभिएर अरूका कुरा सुन्नुहोस्। दोस्रोले पनि पहिलोले जस्तै गर्नुहोस्। सबैको पालो नआएसम्म यही क्रम दोहोऱ्याउनुहोस्। अन्तिममा रहनेले पहिले निस्केको साथीसँग हात मिलाएर आफूले सिकेको नयाँ कुरा बताउनुहोस्। कुनै कुरो छुटेको भए जान्नेले बताउनुहोस्। दुई जना स्वयम्सेवक छनोट गरी टिपोट गर्ने जिम्मेवारी दिनुहोस्।



| अवैध कार्य | क्रि.क. नं. ३१ | परिस्थिति अध्ययन | समय : ३५ मिनेट |
|---|---|---|---|

घरेलु रक्सी उत्पादन तथा विक्री वितरण, लागु औषध उत्पादन तथा विक्री-वितरण, यौन व्यवसाय, विदेशी मुद्राहरूको ओसार पसार, दुर्लभ वन्यजन्तुहरूको तस्करी, मानव बेचविखन आदि जस्ता कार्यहरूलाई कानुनले निषेध गरेको छ । यस्ता कार्यहरूलाई अवैध कार्य भनिन्छ । अवैध कार्य कुनै हालतमा कसैले पनि गर्नु हुँदैन । कसै कसैले कानुनको आँखा छलेर रातारात धनी हुने लोभले यस्ता व्यवसाय गर्छन् । उनीहरू कानुनको फन्दामा पर्छन् । सजाँय पाएपछि मात्र उनीहरूको आँखा खुल्छ । यस्ता कार्यमा संलग्न मानिसहरूलाई घरपरिवार र समाजले वहिस्कार गर्छन् । अवैध कार्य गर्ने/गराउनेले तपाईं/हामीलाई प्रलोभन देखाई, दवाव र धम्की दिएर फसाउन सक्छन् । यस्ता अवैध कार्य गर्नबाट आफूलाई र सकेसम्म उसलाई पनि बचाउन क्रमशः सम्झाउने गर्नुहोस् । नमानेमा त्यस्ता कार्य गर्न ढिलासुस्ती गरिदिनुहोस् । त्यति गर्दा पनि नमानेमा कानुनले मिल्ने अरू कुनै व्यवसायलाई विकल्पका रूपमा प्रस्ताव राख्नुहोस् । त्यति गर्दा पनि नमानेमा नाइ भनेर साथ छोड्नुहोस् ।

**अवस्था १**

हरिकृष्ण र डम्बर साझा सुइबाट लागु पदार्थ लिइरहेका रहेछन् । तपाईंलाई आउँदै गरेको देखेर डम्बरले भने 'सिरिञ्जमा अलिकति छ, यो तिम्रो लागि हो । छिटो आऊ, अटेर गऱ्यौ भने तिम्रो खैरियत छैन ।

**अवस्था २**

तपाईंको चिनजानकै एक जना मानिसले तपाईको घरमा आएर गैंडाको खाग र कस्तुरीको छालाले भरिएको ब्याग लुकाइ देऊ, तिमीलाई म रू. ५ हजार दिन्छु भने । लुकाइ नदिए त्यो झोला त्यही छोडेर जाने र पुलिसलाई तिम्रै झोला हो भनिदिन्छु पनि भने ।

**अवस्था ३**

तपाईं जागिर खाने सुरमा हुनुहुन्छ । जागिर पाइएको छैन । एक जना व्यापारीले राम्रो तलब दिउँला भनेर बोलाए । तपाईं गएर के काम गर्नुपर्ने भनेर सोध्नुभयो । साहुको भनाइ अनुसार राम्रा खाले रक्सीका बोतलको बिर्कोबाट सुई छिराएर त्यसको रक्सी अर्को बोतलमा सार्ने र त्यसमा सस्तो खाले (नराम्रो) रक्सी हालेर भरिदिने । चामलको बोरा खोलेर केहि चामल झिक्ने र त्यसमा कनिका र नराम्रो चामल छासमिसे पारेर बोरा जस्ताको तस्तै पारेर सिइदिनु पर्ने रहेछ ।

**अवस्था ४**

कसैले तपाईंलाई भारतीय रूपैयाँले भरिएको ब्रिफकेस दिएर सीमाना कटाइ दिनु, एकलाख भारू दिन्छु भन्यो ।

**क्रियाकलाप :**

१, २, ३ र ४ भन्दै चार समूहमा बस्नुहोस् । आ-आफ्नो समूहको अवस्था जिम्मा लिनुहोस् । यस्ता अवैध कार्यहरू गर्न कसरी इन्कार गर्न सकिन्छ ? विभिन्न विकल्प र उपायहरू तयार गर्नुहोस् । यस सम्बन्धी भूमिका तयार गर्नुहोस् । भूमिकामा अवैध कार्य गर्नेलाई पनि यस्तो काम गर्नु गराउनु हुँदैन भनेर सम्झाउनुहोस् । पालैपालो विकल्पहरू सुनाउनुहोस् । अभिनय प्रस्तुत गरेर देखाउनुहोस् । अरू साथीहरूको सुझावलाई ग्रहण गर्नुहोस् । यस क्रियाकलापलाई अर्को पटक विद्यालय हातामा सडक नाटक देखाउने गरी तयार गर्नुहोस् । साथै समय मिलाएर प्रस्तुत पनि गर्नुहोस् ।

| अवैध कार्य | क्रि.क. नं. ३२ | अठोट गरौं | समय : १० मिनेट |
|---|---|---|---|

हामीले कक्षामा सिक्ने क्रममा अभ्यास गरेका कुराहरू जीवनभर काम लाग्छन् । अभ्यास गरेका कुराहरू स्मरणमा रहिरहन्छन् । यहाँ हामीले अवैध कार्य नगर्ने भनेर अठोट गरेका छौं । यी कुराहरूले भविष्यमा हामीलाई यस्ता काममा नलाग्न अभिप्रेरित गर्नेछन् ।

१. कालो धन चाहिँदैन ।

२. लागु औषध सेवन गर्दैनौं ।

३. खाद्यपदार्थमा मिसावट गर्दैनौं ।

४. चेलीबेटी बेचविखन कार्यमा लाग्दैनौं ।

५. अश्लिल व्यवसाय गर्दैनौं ।

६. बाल बेचविखन गर्दैनौं ।

७. चोरी डकैती गर्दैनौं ।

८. विदेशी मुद्राको तस्करी गर्दैनौं ।

९. वन्यजन्तुको तस्करी गर्दैनौं ।

१०. सुन तस्करी गर्दैनौ ।

११. काठ तस्करी गर्दैनौं ।

१२. मुर्तिहरूको चोरी निकासी गर्दैनौं ।

१३. राता रात धनी हुने काम गर्दैनौं ।

**क्रियाकलाप :**

अठोटका वाक्यहरू न्युजप्रिन्टमा ठुलो र सफा अक्षरमा लेख्नुहोस् । सबैले देख्ने गरी कक्षाको भित्तामा टाँस्नुहोस् । सबै साथीहरू कक्षामा गोलो घेरा बनाएर उभिनुहोस् । सबैले दुवै हात माथि उठाएर एक अर्काको औंला छिराएर बाँध्नुहोस् । सबै जना एक पाइला अगाडि बढ्नुहोस् । भित्तामा हेर्दै अठोटको पहिलो वाक्य एक जनाले लिड गर्दै ठुलो स्वरमा भन्नुहोस् । त्यसपछि अरू सबैले एकै स्वरमा त्यही वाक्य दुई पटकसम्म भन्नुहोस् । एक पाहिला पछि सर्नुहोस् । फेरि एक पाइला अघि बढ्नुहोस् । अर्को साथीले लिड गरेर दोस्रो वाक्य पढ्नुहोस् । बाँकी सबैले एकै स्वरमा त्यही वाक्य दुई पटक भन्नुहोस् । यही प्रक्रियाबाट पछाडि सर्दै अगाडि बढ्दै सबै नम्बरका अठोट बाक्यहरूमा अभ्यास गर्नुहोस् । टिफिनको समयमा सबै विद्यार्थीहरूलाई जम्मा गरेर विद्यालयको हाताभित्र यो क्रियाकलाप गराउनुहोस् ।

| वित्तीय प्रणाली र वित्तीय उपकरण | क्रि.क. नं. ३३ | संस्था चिनौं | समय : १० मिनेट |
|---|---|---|---|

**नेपालमा नोट र सिक्का निष्काशन तथा चिनीहरूको व्यवस्थापन गर्ने संस्था**

**पैसाको कारोबार अथवा वित्तीय मध्यस्थकर्ताका रूपमा काम गर्ने संस्था**

**नेपाल सरकारको सहकारी विभागको स्वीकृतिमा खोलिएका वित्तीय संस्थाहरू**

**जीवन, व्यवसाय, यातायातका साधन आदिको जोखिम हस्तान्तरण सम्बन्धी करार गर्ने संस्था**

**सरकार वा स्वीकृति प्राप्त कुनै कम्पनीले आफूलाई चाहिने रकम सङ्कलन गर्न धितोपत्र जारी गर्ने संस्था**

**विमा कम्पनी** | **नेपाल राष्ट्र बैंक** | **धितोपत्र बोर्ड (नेप्से)** | **बैंक/वित्तीय संस्था** | **सहकारी संस्था**

### क्रियाकलाप :

दस जनाको एउटा समूह बनाउनुहोस् । बाँकी रहनेहरूले क्रियाकलाप गरेको अवलोकन गरी समूहले गरेको कामको टिपोट गर्नुहोस् । समूहका दस जनाले माथिका अभिव्यक्तिहरूमध्ये एक एक ओटा मेटाकार्ड बाँडेर आफ्नो कापीमा लेख्नुहोस् । आफूले लेखेको अभिव्यक्ति पढेर सुनाउनुहोस् । त्यस अभिव्यक्तिसँग मिल्दो अभिव्यक्ति लेख्ने साथी खोजेर सँगै बस्नुहोस् । दुवैजना मिलेर त्यस संस्थाबारेमा आफूहरूले जानेका कुरा बाँकी साथीहरूलाई बताउनुहोस् । त्यस संस्था बारेमा प्रश्न गर्नुहोस् । उत्तर भन्नका लागि बाहिर रहेका साथीको नाम तोक्नुहोस् । साथीहरूले भनेको उत्तरमा अरू साथीहरूको केहि जिज्ञासा भए सोध्ने मौका दिनुहोस् । आवश्यक पुष्ट्याँइ पनि गर्नुहोस् ।

### जानी राखौं :

- नोट निष्काशन, मौद्रिक र विदेशी विनिमय सम्बन्धी नीति निर्माण, वित्तीय संस्था खोल्ने अनुमति प्रदान गर्ने, सुपरिवेक्षण गर्ने आदि काम नेपाल राष्ट्र बैंकको हो ।
- पैसाको कारोबार गर्ने, 'निक्षेप स्वीकार्ने र कर्जा प्रवाह गर्ने तथा विप्रेषण कारोबार गर्ने, विदेशी मुद्रा सटही गर्ने, ड्राफ्ट टीटीद्वारा पैसा पठाउने, सरकारी ऋणपत्रको कारोबार गर्ने, सुनचाँदी कर्जा, बैंक ग्यारेन्टी आदि काम गर्ने संस्था, बैंक तथा वित्तीय संस्थाहरू हुन् । सामान्यतया बैंक तथा वित्तीय संस्थालाई चार वर्गमा विभाजन गरिएको छ । 'क' वर्गमा बाणिज्य बैंकहरू, 'ख' वर्गमा विकास बैंकहरू, 'ग' वर्गमा वित्तीय कम्पनीहरू र 'घ' वर्गमा लघुवित्त, विकास बैंकहरू वर्गीकृत गरिएका छन् ।
- सहकारी विभागको स्वीकृतमा खोलिएका र राष्ट्र बैंकले तोकेको सीमा भित्र रही वित्तीय कारोबार गर्ने संस्था सहकारी हुन् ।
- जीवन, व्यवसाय, यातायातका साधन आदिको जोखिम जिम्मा लिएर करार बमोजिम पैसाको किस्ता उठाई वित्तीय कारोबार गर्ने संस्था बिमा कम्पनी हो ।
- स्वीकृति प्राप्त कम्पनी/संस्थाहरूले आफूले चाहेको रकम सङ्कलन गर्न जारी गरिएको धितोपत्रका रूपमा सेयरलाई लिन सकिन्छ ।

| वित्तीय प्रणाली र वित्तीय उपकरण | क्रि.क. नं. ३४ | वित्तीय कारोवार चिनौं | समय : २५ मिनेट |
|---|---|---|---|

## १. सफा नोट :

विश्वमा कागजी नोट चलाइन्छ । यसको निष्काशन र व्यवस्थापन केन्द्रीय बैंकले गर्छ । नेपालमा यो काम नेपाल राष्ट्र बैंकले गर्छ । नयाँ नोट निष्काशन कार्य खर्चिलो हुन्छ । नोटमा जथाभावी लेख्ने, यसमा जथाभावी च्यात्ने, पट्याउने, स्टिच गर्ने आदि व्यवहारले नोट चाडै झुत्रो हुने हुनाले यस्ता व्यवहारहरू नगर्न आग्रह गर्दै नेपाल राष्ट्र बैंकले सफा नोट सम्बन्धी नीति ल्याएको छ ।

## २. विप्रेषण (Remittance) :

सामान्य अर्थमा एक ठाउँबाट अर्को ठाउँमा पैसा पठाउने कार्यलाई विप्रेषण भनिन्छ । यस अन्तर्गत बैंक, वित्तीय संस्था र अनुमति प्राप्त मनिट्रान्सफर एजेन्सीद्वारा विदेशमा कमाएको रकम स्वदेशमा ल्याइन्छ । यो औपचारिक माध्यमद्वारा विदेशबाट स्वदेशमा रकम प्राप्त गर्ने तरिका हो । हुन्डी मार्फत वा व्यक्तिले बोकेर विदेशबाट ल्याएको रकम विप्रेषण हुँदैन । यसलाई कानुनले पनि निषेध गरेको छ ।

## ३. बीमा (Insurance) :

यो विपद् वा जोखिम हस्तान्तरण तथा व्यवस्थापन प्रक्रिया हो । यो जीवन, व्यवसाय, यातायातका साधन आदिको मूल्य खेर जान नदिने करार सम्बन्धी कारोबार पनि हो । आवधिक किस्ता (करार अनुसार) जम्मा गर्दै जाँदा सम्बन्धित व्यक्ति/व्यवसाय/वस्तु नष्ट भएमा पाइने क्षतिपूर्ति नै बीमा हो ।

## ४. सेयर (Share) :

सरकार वा कुनै कम्पनीले चाहेको रकम धितोपत्र मार्फत् कानुनतः सङ्कलन गर्ने एउटा तरिका नै सेयर हो । सेयर खरिद गर्नेलाई भुक्तानीको प्रत्याभूतिस्वरूप सेयर प्रमाण उपलब्ध गराइन्छ । सामान्यतया जनताले साधारण सेयर खरिद गर्छन् । यसको प्रति किस्ता मूल्य सामान्यतया रू. १०० हुन्छ । सेयर खरिदकर्ताले कम्पनीबाट नगद लाभांश वा बोनस सेयर वा दुवै प्राप्त गर्न सक्छन् । खरिद गरेको सेयर सेयर बजारमा किन्न र बेच्न पनि सकिन्छ । सेयर सम्बन्धी कारोबार गर्ने बजारलाई पूँजी बजार भनिन्छ ।

## ५. विदेशी विनिमय (Foreign Exchange):

आफ्नो देश बाहेक अन्य देशका मुद्रा विदेशी मुद्रा हुन् । प्रत्येक देशका लागि विदेशी मुद्रा महत्वपूर्ण हुन्छन् । जति धेरै विदेशी मुद्रा सञ्चित गर्न सक्यो, देशको अर्थतन्त्र त्यति नै बलियो हुन्छ । विदेशबाट वस्तु वा सेवा आयात गर्दा विदेशी मुद्रामा भुक्तानी दिनुपर्ने हुन्छ । वस्तु वा सेवाको निर्यात, विदेशी पर्यटक, वैदेशिक रोजगार गर्ने नागरिक र वैदेशिक सहयोग आदिबाट विदेशी मुद्रा आर्जन हुन्छ । आफ्नो देशको मुद्रा र अन्य देशको मुद्रा बिचको सटही दरलाई विनिमय दर भनिन्छ । यस्तो विनियम दर नेपालमा नेपाल राष्ट्र बैंकले निश्चित गर्दछ ।

## ६. बजेट निर्माण (Budgeting):

एउटा सचेत व्यक्तिले आफ्नो आम्दानी र खर्च बिच सामानजस्य कायम गर्दछ । आम्दानी भन्दा खर्च बढी भयो भने हामी विभिन्न किसिमका झमेलामा पर्दछौं । ऋणग्रस्त बन्न सक्छौं । हाम्रो पूँजी निर्माण कमजोर हुन जान्छ । तसर्थ आम्दानी अनुसारमात्र खर्च गर्ने गरी बजेट बनाउनु हरेक व्यक्तिका लागि त्यत्तिकै आवश्यक हुन्छ जति सरकारले राष्ट्रका लागि र संस्थाले संस्था सञ्चालनका लागि बजेट बनाउँदा हुन्छ । यस सम्बन्धी एउटा उदाहरण हेरौं :

कुनै एक व्यक्तिको मासिक आम्दानी रू. १५,००० छ र उसको बसोबास सहरी क्षेत्रमा छ भने उसले मोटामोटी यस प्रकारको बजेट निर्माण गर्नुपर्छ :

| आम्दानी | खर्च मासिक | |
|---|---|---|
| मासिक रु. १५,०००।- | घरभाडा<br>खाना<br>यातायात<br>शिक्षा<br>अन्य खर्च | रु. ५,०००।-<br>रु. ५,०००।-<br>रु. ५००।-<br>रु. १,५००।-<br>रु. १,५००।- |
| | बचत | रु. १,५००।- |

## ७. ऋण व्यवस्थापन (Debt Management):

☞ निश्चित अवधिपछि व्याज सहित वा साँवा मात्र फिर्ता गर्ने सर्तमा अन्य व्यक्ति वा निकायसँग लिएको रकम नै कर्जा वा ऋण हो ।

☞ आफ्नो रकम प्रयोग गर्दा बिस्तारै बचत गर्दै गए अनुसार जम्मा भइसकेपछि मात्र लगानी गर्न सकिन्छ भने ऋणबाट लगानी गर्दा एकैपटक तुरून्तै रकम प्राप्त गर्न र लगानी गर्न सकिन्छ ।

☞ कर्जा सामान्यतया चालु पूँजी कर्जा, सम्पत्ती खरिद कर्जा, उपभोग कर्जा, लगानी कर्जा आदि विभिन्न प्रकारका हुने गर्दछन् ।

☞ उद्योग व्यवसायमा लगानी गर्न, अनपेक्षित आपत्विपद्मा खर्च गर्न, घरायसी सामग्री खरिद गर्न, छोराछोरी पढाउन, स्वास्थ्य उपचार गर्न र विभिन्न सामाजिक कार्यहरूमा खर्च जुटाउनका लागि ऋण लिने गरिन्छ ।

नोट : बैंक वा वित्तीय संस्थाहरूबाट लिइएको ऋण तिर्न नसकेमा हर्जना तिर्नुपर्ने, धितो लिलामी हुन सक्ने, कानुनी कारबाहीको सामाना गर्नुपर्ने हुन सक्छ । यसरी समयमा साँवा वा व्याज बुझाउन नसक्दा कर्जा सूचना केन्द्रको कालो सूचीमा समेत पर्न जाने र ऋण लिने व्यक्तिको सामाजिक प्रतिष्ठामा समेत आँच आउन सक्ने हुँदा समयमै कर्जाको किस्ता बुझाउन सक्ने सोच सहित ऋण लिने गरौं ।

## ८. लगानी (Investment):

उत्पादनशील काममा पूँजी लगाउनुलाई लगानी भनिन्छ । पूँजी भन्नाले पैसा र पैसामा मूल्याङ्कन हुने जेथाहरू पर्दछन् । नाफा गर्ने उद्देश्यले लगानी गरिन्छ । लगानी गर्नुपूर्व निम्न कुराहरूमा ध्यान पुऱ्याउनु पर्छ :

(क) अवसरको लेखाजोखा
(ख) लक्ष्य निर्धारण
(ग) पूर्व अनुमान
(घ) विकल्पको खोजी
(ङ) कार्यक्रम निर्माण
(च) बजेट निर्माण
(छ) कार्यान्वयन प्रक्रिया

## ९. एसएमएस बैंकिङ (SMS Banking):

☞ मोबाइलबाट सन्देश आदान प्रदान गरेर बैंकमा रहेको आफ्नो वित्तीय कारोबार गर्ने प्रविधि ।

☞ ब्यालेन्स बुझ्ने, अरूको खातामा रकम ट्रान्सफर गर्ने, तोकिएका बिलहरूको भुक्तानी

गर्ने आदि कार्य यस मार्फत् गर्न सकिने ।

☞ यसका लागि सम्बन्धित बैंकमा गरेर निर्दिष्ट फाराम भर्नुपर्ने ।

## १0. मोबायल बैंकिङ (Mobile Banking):

आजकाल बैंकहरूले आफ्ना ग्राहकहरूलाई विभिन्न प्रकारका बैंकिङ कारोबार सम्बन्धी सुविधाहरू उपलब्ध गराउन थालेका छन् । यो पनि एउटा नयाँ सुविधा हो । यस अन्तर्गत बैंकमा ग्राहक आउनुको सट्टामा बैंक नै ग्राहकहरू समक्ष पुग्दछ । बैंकले निर्धारण गरेको समय र स्थानमा बैंकका कर्मचारी र आवश्यक उपकरणहरू पुऱ्याइन्छन् । ग्राहकहरूलाई आफ्नो खातामा रकम जम्मा गर्ने, खाताबाट रकम झिक्ने र तोकिएका अन्य वित्तीय कारोबार गर्ने सुविधाहरू मोबाइल बैंकिङ उपलब्ध गराइन्छ ।

| | | | | |
|---|---|---|---|---|
| १. सफा नोट | २. विप्रेषण | ३. बिमा | ४. सेयर | ५. विदेशी विनिमय |
| ६. बजेट निर्माण | ७. ऋण व्यवस्थापन | ८. लगानी | ९. एसएमएस बैंकिङ | मोबायल बैंकिङ |

### क्रियाकलाप :

एक देखि ५ सम्म गन्दै पाँच समूहमा बस्नुहोस् । प्रत्येक समूहबाट एक एक जना अगाडि गई दुई दुई ओटा मेटाकार्ड लिएर आउनुहोस् । दुवै कार्डहरूका जानकारी सम्बन्धमा साथीहरूसँग छलफल गर्नुहोस् । न्युजप्रिन्टमा दुवै शीर्षकहरू लेखेर जानकारीका बुँदाहरू आफ्नै भाषामा लेख्नुहोस् । पालैपालो ठुलो समूहमा पढेर सुनाउनुहोस् । साथीहरू र शिक्षकका सुझाव समावेश गरी जानकारीहरूलाई अझ प्रभावकारी बनाउनुहोस् ।

| वित्तीय प्रणाली र वित्तीय उपकरण | क्रि.क. नं. ३५ | कति जान्यौं ? | समय : १० मिनेट |
|---|---|---|---|

**क्रियाकलाप :**

गोलो घेरामा एकले अर्कोलाई लम्कँदा छुन सक्ने गरी बस्नुहोस्। एउटा बल लिनुहोस् र क्रियाकलाप सुरू गर्नुहोस्। सुरू गर्नेले सफा नोट बारे सिकेको एउटा कुरा भन्नुहोस्। कुनै एउटा साथीको नाम भनेर बल पास गर्नुहोस्। उक्त साथीले विप्रेषणका बारेमा बताउनुहोस् र अर्को साथीको नाम भनेर बल पास गर्नुहोस्। क्रमशः पालो पाउने साथीहरूले बिमा, सेयर, विदेशी विनिमय, एटिएम कार्ड, क्रेडिट कार्ड, म्युचुअल फन्ड, बचत, मुद्दती र चल्ती खाता, कर्जा आदि सम्बन्धी सिकेका एक एक जानकारी भन्दै जानुहोस्। त्यसभन्दा पछिका साथीहरूले यस पाठमा सिकेका जुनसुकै उपशीर्षकबाट नदोहोरिने गरी जानकारीहरू भन्दै जानुहोस्। सबैको पालो पुगेपछि सबैले सबैलाई धन्यवाद भनेर ताली बजाउनुहोस्।



| वित्तीय प्रणाली र वित्तीय उपकरण | क्रि.क. नं. ३६ | कहाँ उभिने (बचत) | समय : १५ मिनेट |
|---|---|---|---|

पैसाको सुरक्षा र बचत गर्ने क्रममा औपचारिक रूपमा नेपालका करिब एक तिहाई मानिसहरूले मात्र औपचारिक बैंक तथा वित्तीय सुविधा पाउने गरेको अनुमान गरिएको छ। जनता समक्ष बैंकको पहुँच बढाई बचत तथा अन्य वित्तीय कारोबार गर्नेहरूको प्रतिशत क्रमशः बढाउँदै लानु आवश्यक छ। बैंक तथा अन्य वित्तीय संस्थामा खाता खोली बचत गर्न जन सचेतना अभिवृद्धि गर्नु पनि आजको आवश्यकता हो। यसैले बचत सम्बन्धी आधारभूत जानकारीहरू आजका बालबालिका तथा किशोर किशोरीहरूलाई विद्यालय तहदेखि नै उपलब्ध गराउनु पर्छ।


| | |
|---|---|
| **आफूसँग बचेको पैसा बचत गर्दा खुत्रुकेमा राख्नु सुरक्षित ठानिन्छ ।** | **पैसालाई गाग्रोमा हाली जमिनमुनि गाडेर राख्दा सुरक्षित हुन्छ ।** |
| **किताबभित्र लुकाएर पैसा राख्दा सुरक्षित हुन्छ ।** | **पैसालाई फोटो फ्रेमभित्र लुकाएर राखे सुरक्षित हुन्छ ।** |
| **ओछ्यानमुनि पैसा राख्दा सुरक्षित हुन्छ ।** | **सुत्ने कोठाको कार्पेटमुनि पैसा राख्दा सुरक्षित हुन्छ ।** |
| **खोपामा राखेर छोप्दा पैसा सुरक्षित हुन्छ ।** | **पैसा दराजको लकरमा राख्दा पनि सुरक्षित हुन्छ ।** |
| **बुबाआमाको सहयोगमा बैंकमा खाता खोलेर पैसा राख्ने गर्दा सुरक्षित हुन्छ ।** | **शिक्षकको सहयोगमा सामुहिक खातामा पैसा राख्दा बचत सुरक्षित हुन्छ ।** |

### क्रियाकलाप :

एकजना स्वयम्सेवक साथी अगाडि आएर क्रियाकलापको निर्देशन सबैले बुझ्ने गरी ठुलो स्वरमा पढेर सुनाउनुहोस् । भित्तामा टाँसिएका कार्डहरू सबैले हेर्नुहोस्। सबैजना कक्षाको बिचमा आएर उभिनुहोस्। एक जना स्वयम्सेवक साथी अगाडि गएर टेबलको गड्डीबाट एउटा मेटाकार्ड लिई पढेर सुनाउनुहोस् । बाँकी साथीहरू निर्देशन अनुसार खेलमा सहभागी हुनुहोस् । त्यस भनाइका सम्बन्धमा निर्णय भएपछि अर्को स्वयम्सेवक साथी गएर अर्को कार्डको भनाइ पढ्नुहोस् । त्यसका सम्बन्धमा पनि तर्क-वितर्क गर्नुहोस्। सहमतिमा पुग्नुहोस् । यसरी नै टेबलका सबै कार्ड नसकिएसम्म यो खेल खेलिरहनुहोस्।

कक्षाको तिनतिरका भित्ताहरुमध्ये एउटामा 'सहमत', अर्कोमा 'असहमत' र तेस्रोमा 'थाहा छैन' लेखेका कार्डहरु टाँसिएका छन् । खेल शुरु हुने बेलामा सबैजना साथीहरु कक्षाको बिचमा आएर उभिनु पर्छ । भनाइ लेखिएका मेटाकार्डहरुको गड्डी टेबलमा छ । साथीहरुमध्ये कसैले एउटा भनाइ पढेर सुनाउनुहुन्छ । त्यो भनाइसित सहमत हुने साथीहरु 'सहमत' लेखिएका कार्डमुनि, असहमत हुने 'असहमत' लेखिएको कार्डमुनि र त्यसबारेमा थाहा नहुने साथीहरु 'थाहा छैन' लेखिएको कार्डमुनि उभिनु पर्छ । फरक-फरक क्षेत्रमा जानुभएका साथीहरुलाई आफ्नो समूहमा ल्याउन सबै समूहलाई दुई दुई मिनेटको समय सीमा हुन्छ । आफू उभिएको समूहको पुष्ट्याँइ गर्न सकिएन भने पुष्ट्याँइ गर्ने साथीहरुको समूहमा गएर उभिनु पर्छ ।

| वित्तीय प्रणाली र वित्तीय उपकरण | क्रि.क. नं. ३७ | घटना अध्ययन (बचत) | समय : ४० मिनेट |
|---|---|---|---|




रोजी कक्षा ९ मा अध्ययन गर्छिन् । उनले बचतका बारेमा कक्षामा पढेकी छिन् । उनका परिवारमा सबै सदस्यहरू खुत्रुकेमा बचत गर्छन् । अनावश्यक खर्चका रूपमा चुहावट हुने व्यवहारलाई उनीहरूले सकेसम्म रोकेका छन् । खुत्रुके भरिएपछि बैंकमा खाता खोलेर बचात गर्ने उनीहरूको सोच छ । उनको परिवारमा सबैजना बिजुली बत्ती, धाराको पानी र यस्तै अरू स्रोतसाधनको पनि बचत गर्ने गर्छन् । उनीहरू सबै कुराको उपभोग किफायती तरिकाले गर्ने गर्छन् । यसरी अन्य स्रोतसाधनको बचत गर्दा खर्च कम हुन गई पैसा बचत हुन्छ ।

अहिले उनीहरूको खुत्रुके भरिएछ । बुबा र रोजीले मिलेर खुत्रेके फुटाए । खुत्रुकेमा ५,६०० रूपयाँ जम्मा भएको रहेछ । रोजीको नाममा बैंकमा बचत खाता खोलेर पैसा जम्मा गर्ने सल्लाह भयो । तर रोजी १६ बर्ष नपुगेकी हुँदा उनको नागरिकताको प्रमाणपत्र छैन । बैंकमा खाता खोल्न नागरिकताको प्रमाणपत्र अनिवार्य हुन्छ । बैंकमा नाबालकको नाममा खाता खोल्नु परेमा बुबा वा आमाको नागरिकता र नाबालकको जन्म दर्ता आवश्यक पर्छ । त्यसैले बुबाको नागरिकता र रोजीको दुई प्रति फोटो लिएर दुवै जना बैंकमा गए । बैंकका कर्मचारीको सहयोगमा बचत खाता खोल्ने फाराम भरे । खातावालाको नाममा रोजीको नाम लेखे । रोजी र बुबा दुवैको फोटो टाँसे । बुबाको नागरिकताको फोटोकपी राखे । पैसा जम्मा गर्ने भौचर भरे । संरक्षकको नाममा बुबाले सही गर्नुभयो । दस्तखत नमुना कार्डमा बुबा र रोजी दुवैले सही गरे । कागजपत्र सबै बैंकमा बुझाए । रोजीको नाममा बचत खाता खोलियो । बैंक कर्मचारीले उनीहरूलाई चेक बुक दिए । चेकबुक लिएर बुबा र रोजी घर फर्के । खातामा पैसा धेरै जम्मा भएपछि उनीहरूले एटिएम कार्ड लिने पनि सोच राखेका छन् ।

प्रश्नहरू :

१. बचत भनेको के हो ? कसरी बचत गर्नु हुन्छ ? बचत गर्नुका फाइदा के के हुन सक्छन् ?
२. बचत कहाँ कहाँ गर्न सकिन्छ ? कहाँ बचत गर्नु उचित हुन्छ ?
३. रोजीले अनावश्यक खर्चका रूपमा पैसा चुहावट हुने व्यवहारहरूलाई कसरी नियन्त्रण गरेकी छिन् ? अनावश्यक खर्चलाई तपाईं कसरी रोक्नु हुन्छ ?
४. बैंकमा बचत खाता खोल्नका लागि कुन कुन कागजातहरू अनिवार्य हुन्छन् ?
५. बैंकमा खाता कसरी खोलिन्छ ?
६. पैसा बाहेक अरू कुन कुन स्रोतको बचत गर्नु जरूरी छ ?

**क्रियाकलाप :**

तिन समूहमा विभाजित भएर बस्नुहोस् । प्रत्येक समूहले घटनाको एउटा पाना लिनुहोस् । समूहको एकजना साथीले घटना आफ्नो समूहलाई पढेर सुनाउनुहोस् । घटना सुनिसकेपछि न्युजप्रिन्टमा १ नं को प्रश्न लेख्नुहोस् । समूहका साथीहरू बिच छलफल गरेर त्यसको जवाफ न्युजप्रिन्टमा लेख्नुहोस् । त्यसपछि २ नं को प्रश्न लेख्नुहोस् । यसरी घटनाका सम्बन्धमा सोधिएका सबै प्रश्नहरूको जवाफ लेख्नुहोस् । पालैपालो सबै समूहका साथीहरू कक्षाको अगाडि गएर आ-आफ्नो समूहको प्रस्तुतीकरण गर्नुहोस् । प्रस्तुति पश्चात साथीहरूका केही जिज्ञासा वा प्रश्न छन् भने सोध्ने अवसर दिई जवाफ दिनुहोस् ।

| वित्तीय प्रणाली र वित्तीय उपकरण | क्रि.क. नं. ३८ | सत्य र झुटो खेल (बचत) | समय : १० मिनेट |
|---|---|---|---|

| | |
|---|---|
| **१. पैसाको बचत गऱ्यो भने पानी, बिजुली आदि आफैँ बचत हुन्छ ।** | **२. खानेकुरा कम खाएर पनि पैसा बचत गर्नुपर्छ ।** |
| **३. फजुल खर्च गरिएन भने पैसा बचत हुन्छ ।** | **४. बचत गरेको पैसालाई उत्पादनशील काममा लगाउनु पर्छ ।** |
| **५. जुनसुकै स्रोतसाधन (पानी, विजुली अदि) को उपभोग गर्दा बचत गर्ने बानी बसाल्नु पर्छ ।** | **६. बैंकमा बचत खाता खोल्न जग्गा धनी पुर्जा चाहिन्छ ।** |
| **७. बिरामी पर्दा उपचारमा लागेको खर्च अनावश्यक चुहावट हो ।** | **८. बैंकमा पैसा जम्मा गर्न भौचर भर्नुपर्छ ।** |
| **९. संरक्षकले चाहेमा नाबालकका नाममा पनि बैंक खाता खोल्न सकिन्छ ।** | **१०. बचत गरेको पैसाले महङ्गा लुगा किन्ने सोच राख्नु राम्रो हो ।** |
| **११. बाबुआमालाई धम्क्याएर पनि पैसा मागी बचत गर्नु राम्रो हो ।** | **१२. बचत गर्नका लागि कसैको पैसा चोरे पनि हुन्छ ।** |

**क्रियाकलाप :**

सबैजना साथीहरू लाइनमा बाहिर चउरमा जानुहोस् । शिक्षकको सहयोगमा बराबर दुई समूहमा विभाजित भएर लाइनमा उभिनुहोस् । दुवै समूहमा आ-आफ्नो साथीहरूको रोल नम्बर राख्नुहोस् । लाइनको ठिक अगाडि दुई ओटा कुर्सी राख्नुहोस् । एउटामा 'सत्य' र अर्कोमा 'झुटो' लेखेर टाँस्नुहोस् । एकजना स्वयम्सेवक साथीले खेलको नियम पढेर सुनाउनुहोस् :

*शिक्षकले एउटा भनाइ पढेर सुनाउनुहुन्छ । त्यो भनाइ सत्य वा झुटो के हो मनमनै छुट्याई राख्नुहोस् । त्यसपछि उहाँले कुनै एउटा रोल नम्बर भन्नुहुनेछ । दुवै लाइनबाट सम्बन्धित रोल नम्बरका साथीहरु दौडेर सही कुर्सीमा जो पहिला बस्नु हुन्छ त्यस समूहको अङ्क आउँछ । यसरी भनाइहरु नसकिएसम्म खेल खेल्दा बढी नम्बर ल्याउन सफल समूह विजयी हुन्छ ।*

## यो पनि जानि राखौं :

तलका चित्रहरूमध्ये कुन कुन तपाईंको आवश्यकताभित्र पर्छन् ? कुन कुन चाहना मात्र हुन् ? छुट्याउनुहोस् । बचत गर्ने बानी विकासका लागि आवश्यकता अन्तर्गत पर्ने वस्तु वा सेवामा मात्र खर्च गर्ने आदत बसाल्नुहोस् ।


१



२


३



स्वच्छ हावा
४


५


छुट्टै कोठा
६



७



८



९


१०


११


१२


१३


१४


१५


१६

| वित्तीय प्रणाली र वित्तीय उपकरण | क्रि.क. नं. ३९ | बैकिङ कारोवार (प्रयोगात्मक कार्य) | समय : विदाको दिन |
|---|---|---|---|

## पूर्व तयारी :

विदाको दिन विद्यालयमा बैकिङ कारोवारको प्रयोगात्मक कार्यको अभ्यास गराउन शिक्षक विद्यार्थी मिलेर कार्ययोजना बनाउनुहोस् । त्यसका लागि अभिभावक, व्यवस्थापन समिति, अभिभावक शिक्षक सङ्घ, बाल क्लब, अरू कक्षाका विद्यार्थीहरूलाई अग्रीम जानकारी गराउनुहोस् । गाउँ, टोल र विद्यालयमा सूचना टाँस्नुहोस् । सूचनामा आगन्तुकहरूलाई नागरिकता प्रमाण पत्रको दुई तिन प्रति फोटोकपी र सक्कल प्रति एवम् २ प्रति पासपोर्ट साइजको फोटो साथै ल्याउन भन्नुहोस् । प्रयोगात्मक कार्यका लागि नजिकको बैंक, शेयर बजार र बीमा कम्पनीबाट निम्नानुसारका कागजात तथा उपकरणहरू जम्मा गर्नुहोस् :

खाता खोल्नका लागि चाहिने फाराम, भौचर, चेक, बैंक स्टेटमेन्ट, एटिएम कार्ड, क्रेडिट कार्ड, कर्जा आवेदन फाराम, त्यसको सम्झौता फाराम, किस्ता तिर्ने फाराम, सेयर आवेदन फाराम, सेयर प्रमाण पत्रको फोटोकपी, बीमा निवेदन फाराम, बीमाको करारनामा, किस्ता तिर्ने रसिद, आदि ।

कारोबार गर्न चाहिने अपुग सामग्रीहरूको तयारी गर्नुहोस् । आवश्यकता परेमा फोटोकपी गर्नुहोस् । तिन ओटा कम्प्युटर वा ल्यापटप, एउटा प्रिन्टर, एफोर पानाहरूको व्यवस्था पनि गर्नुहोस् ।

प्रधानाध्यापकसँग अनुरोध गरेर ती संस्थाहरूबाट प्रतिनिधिहरू पठाइदिनका लागि पत्र तयार गर्न लगाउनुहोस् । तपाईहरूको प्रतिनिधि ती संस्थामा गएर पत्र बुझाउनुहोस् । मौखिक अनुरोध पनि गर्नुहोस् । कारोबारहरू सम्बन्धी अभ्यास गर्न गराउन थप जानकारी आवश्यक भए जुन स्टलमा जो-जो बस्ने हो सम्बन्धित संस्थासँग सम्पर्क राखी कारोबार गर्ने तरिका सिक्नुहोस् । प्रत्येक कारोबारको एक-एक ओटा स्टल बनाई कक्षामा त्यसबारे पूर्व अभ्यास पनि गर्नुहोस् ।

## प्रयोगात्मक कार्य गर्दा :

प्रयोगात्मक कार्य सञ्चालन गर्ने दिन कक्षाका सबै साथीहरू दसै बजे विद्यालय आउनुहोस् । विद्यालयको कुर्सी टेबल प्रयोग गरेर विद्यालयको हाताभित्र निम्नानुसारको दस ओटा स्टल खडा गर्नुहोस् । स्टल नम्बर र कारोबारको शीर्षकहरू मेटा कार्डमा लेखेर टाँस्नुहोस् ।

| स्टल नं १ | स्टल नं २ | स्टल नं ३ | स्टल नं ४ |
|---|---|---|---|
| चल्ती खाता | बचत खाता | मुद्दती खाता | कर्जा |

| स्टल नं ५ | स्टल नं ६ | स्टल नं ७ | स्टल नं ८ |
|---|---|---|---|
| विद्युतीय कार्डहरू | विनिमय दर | मुद्रा सटही काउन्टर | शेयर कारोवार |

| स्टल नं ९ | स्टल नं १० | | |
|---|---|---|---|
| बीमा | सोधपुछ | | |

सम्बन्धित टेवलमा आवश्यक कागजात र उपकरणहरू राख्नुहोस् । कुन स्टलमा को को बस्ने तय गर्नुहोस् । संस्थाको प्रतिनिधिलाई सम्बन्धित स्टलहरूमा अवलोकन गरी निर्देशन दिन अनुरोध गर्नुहोस् । कक्षाका केही साथीहरूले स्वयम्सेवक भएर अभिभावक, अरू कक्षाका विद्यार्थी साथी र अन्य पाहुनालाई कारोबार गर्न एवम् हेर्न सजिलो हुने वातावरण मिलाउनुहोस् । प्रवेशद्वार, स्टलहरूमा जाने बाटो आदिको क्रम मिलाउँदै तीर देखाएर आगन्तुकलाई सजिलो हुने बनाउनुहोस् । पिउने पानी, शौचालय, चमेना गृहको व्यवस्था मिलाउनुहोस्। ठिक एक बजेबाट प्रवेशद्वार खोल्नुहोस्। स्वयम्सेवकहरूले आगन्तुकहरूलाई लाइनमा भित्र पठाउनुहोस्। प्रत्येक स्टलमा १०/१० जनाको दरले राख्नुहोस् । स्टलमा बस्ने साथीहरूले कारोबार सुरू गर्नुहोस् । कारोवार सकेका ग्राहकहरूलाई इच्छा अनुसार अरू स्टलहरूमा जान अनुरोध गर्नुहोस्। करोबार गर्दा संस्थाहरूबाट आएका प्रतिनिधिहरूलाई सबै स्टलहरूमा अवलोकन गर्दै आवश्यकतानुसार सहयोग गर्न अनुरोध गर्नुहोस्।

## *प्रयोगात्मक कार्य पश्चात :*

प्रयोगात्मक कार्य बारे आगन्तुकहरूसँग प्रतिक्रिया माग्नुहोस् । पाहुनाहरूलाई धन्यवाद दिँदै विदा गर्नुहोस् । स्टलमा प्रयोग गरिएका सामग्रीहरूको व्यवस्थापन गर्नुहोस्। स्टलको फोहोर व्यवस्थापन र विद्यालय हाताको सरसफाइ गर्नुहोस् । स्टलमा बस्ने साथीहरूले आ-आफ्नो स्टलमा भए गरेका कार्यहरूको संक्षिप्त प्रतिवेदन नमुनामा दिएको ढाँचा अनुसार एक-अर्कोमा कार्य विभाजन गरी गृहकार्यको रूपमा तयार पारेर ल्याउनुहोस्। सबैको प्रतिवेदन सँगालेर पुस्तक बनाउनुहोस् । त्यसलाई विद्यालयको पुस्तकालयमा राख्नुहोस् । सहयोग गर्ने संस्था र व्यक्तिलाई विद्यालयबाट धन्यवाद पत्र तयार पार्न अनुरोध गरी सम्बन्धित ठाउँमा पुऱ्याइ दिनुहोस्।

### प्रतिवेदनको ढाँचा

१. कभर पेज

२. टाइटल पेज

३. टाइटल भर्सो पेज

४. प्राक्कथन

५. विषयसूची


६. विषयवस्तु (क्रम मिलाएर)


७. अनुसूची (विद्यार्थीका नाम, सहयोग गर्ने संस्थाहरूको नामावली, धन्यवाद पत्रको प्रतिलिपि, फोटोहरू आदि)

८. अन्तिम पाना र सन्देश

| योजना तर्जुमा | क्रि.क. नं. ४० | योजना माला | समय : १० मिनेट |
|---|---|---|---|


योजना भनेको के हो ? योजनाका पक्षहरू के के हुन सक्छन् ? विना योजना कुनै पनि काम गर्न सकिएला ? अब एसएलसी राम्रो श्रेणीमा उत्तीर्ण गर्न के के गर्ने सोच राख्नु भएको छ ? त्यसपछि कुनै उद्यम पनि गर्ने हो कि ? त्यसका लागि योजना तर्जुमा गर्नु आवश्यक छ ? कसरी तर्जुमा गर्नुहुन्छ ? एकछिन सोच्नुहोस् त ?




| योजना | कार्यान्वयन | अनुगमन/मूल्याङ्कन |
|---|---|---|
| • वर्तमान स्थितिको विश्लेषण<br>• उद्देश्य निर्धारण<br>• सम्भाव्यता अध्ययन<br>• बजेट व्यवस्था<br>• पृष्ठपोषण | • जिम्मेवारी वहन<br>• समयको पालना<br>• कार्य विभाजन<br>• सिप आदान-प्रदान<br>• पृष्ठपोषण | • अनुगमन सूचक निर्माण<br>• स्थलगत निरीक्षण<br>• अनुगमन तथा मूल्याङ्कनका साधनहरू र त्यसको प्रयोग<br>• पृष्ठपोषण |

**क्रियाकलाप :**



चार ओटा समूहमा बस्नुहोस् । समूहको नाम राख्नुहोस् । एउटा समूहले योजना, अर्कोले कार्यान्वयन, तेस्रोले अनुगमन/मूल्याङ्कन र चौथोले परिभाषा उपशीर्षकहरू जिम्मा लिनुहोस्। समूहको आवश्यकतानुसार मेटाकार्डहरू लिनुहोस्। आफ्नो समूहको जिम्मामा परेका बुँदाहरू सम्बन्धी जानकारी एक-एक ओटा मेटाकार्डमा लेख्नुहोस्। चौथो समूहले योजनाको परिभाषा तयार पारी मेटा कार्डमा लेख्नुहोस्। एक जना स्वयम्सेवी भएर एउटा कार्डमा **योजना र यसको चक्र** लेख्नुहोस्। यस कार्डलाई सुरूमा राखेर अरू कार्डहरूलाई क्रम अनुसार धागोमा उन्दै माला बनाउनुहोस्। आ-आफ्नो समूहबाट पालैपालो प्रस्तुत गर्नुहोस्।

| योजना तर्जुमा | क्रि.क. नं. ४१ | आफ्नै योजना, आफ्नै काम | समय : २५ मिनेट |
|---|---|---|---|

योजना व्यक्तिगत र सामूहिक दुवै किसिमका हुन सक्छन् । यहाँ सामूहिक योजना निर्माण तथा कार्यान्वयनमा जोड दिइएको छ । यसरी हामीले बनाएको सामूहिक योजनाबाट पाठ सिकेर व्यक्तिगत योजना पनि बनाउन सकिन्छ । सामूहिक योजना निर्माण गर्दा आफ्नो समूहको क्षमता, परिवेश, सम्भाव्यता, बजार अध्ययन आदिलाई मध्यनजर गर्दै योजना छनोट गर्नुपर्छ । यस्तो योजनाबाट सामाजिक सुधार र सानोतिनो आम्दानी हुनु पर्ने कुरालाई ख्याल गर्नुपर्छ । योजनाको महत्त्वपूर्ण पाटो यसका लागि चाहिने बजेट हो । यसका लागि आवश्यक पर्ने रकम सम्बन्धित शीर्षकहरूमा बाँडफाँड गरेर उल्लेख गर्नुपर्छ । सामूहिक योजनामा सबैको बराबर दायित्व हुन्छ । यी सबै कुराहरूलाई ख्याल गरेर आफ्नो योजना बनाऔं र आफैं काम गरौं ।

| समूह | बनाउनु पर्ने योजना |
|---|---|
| क | |
| ख | |
| ग | |
| घ | |
| ङ | |

**क्रियाकलाप :**

क, ख, ग, घ, ङ भन्दै पाँच समूहमा बस्नुहोस् । तपाईंको समूहमा छलफल गरेर कुनै एउटा वित्तीय, सामाजिक तथा वित्तीय वा सामाजिक योजना छनोट गर्नुहोस् । यसरी योजना छनोट गर्न प्रत्येक समूहको छुट्टा छुट्टै शीर्षक तय गर्नुहोस् । शीर्षक दोहोरिन नदिनका लागि शिक्षकको सहयोग लिनुहोस् ।

दायाँपटि रहेको योजनाको ढाँचामा आधारित भएर योजना तयार गर्नुहोस् । त्यसलाई न्युजप्रिन्टमा लेख्नुहोस् । पालैपालो गरेर ठुलो समूहमा प्रस्तुत गर्नुहोस् । साथीहरूबाट आएको सुझावहरूलाई आत्मसात गर्दै समायोजना गर्नुहोस् ।

तपाईंहरूले बनाएको योजना समय र परिस्थिति हेरी कार्यान्वयनमा ल्याउनुहोस् ।

**योजनाको ढाँचा**

योजनाको नाम :

१. परिचय :

२. उददेश्य :

३. समयावधि :

४. आवश्यक सामग्रीहरू :

५. जिम्मेवारी बाँडफाँड :

६. सहयोगी व्यक्ति/निकाय :

७. सञ्चालन प्रक्रिया :

८. बजेट व्यवस्था :

| क्र.स. | क्रियाकलाप | लाग्ने खर्च |
|---|---|---|
| | | |
| | | |
| | | |

९. अनुगमन :

१०. मूल्याङ्कन :

| योजना तर्जुमा | क्रि.क. नं. ४२ | सेभन अप खेलौं | समय : १० मिनेट |
|---|---|---|---|



**क्रियाकलाप :**

सबै जना साथीहरू कक्षामा गोलो घेरमा उभिनुहोस् । एक जना साथीले एउटा हातले दायाँ वा बायाँ कुनै दिसातिर देखाउँदै वान भन्नुहोस् । वान भन्ने साथीले जुन दिशातिर देखाउनु भएको छ त्यही दिशाको साथीले पनि दायाँ वा बायाँ कुनै दिशातिर देखाउँदै टु भन्नुहोस् । सिक्ससम्म यही क्रमले खेल्नुहोस् । नम्बर भन्ने साथीले नदेखाएको तिरको साथीले भनेमा खेलबाट बाहिरिनुहोस् । सेभन भन्ने साथीले टाउकोमा हात राखेर सेभेनअप भन्नुहोस् । टाउकामा हात राख्दा दायाँ वा बायाँ देखाउनुहोस् । टाउकोमा हात नराखी सेभनअप भनेमा खेलबाट बाहिरिनुहोस् । यसरी खेल खेल्ने क्रममा खेलबाट बाहिरिने साथीहरूले योजना सम्बन्धी दिइएका शीर्षकहरूको क्रम अनुसार एउटा शीर्षकको बारेमा बताउनुहोस् । शीर्षक सकिए पछि खेलबाट बाहिरिने साथीले तिनै शीर्षकहरू दोहोऱ्याएर नयाँ कुरा भन्नुहोस् । खेलबाट बाहिरिने साथीहरू घेराबाट बाहिर बस्नुहोस् । अरू साथीहरूले खेलेको हेर्दै जानकारीहरू सुन्नुहोस् ।

**शीर्षकहरु**

१. योजनाको परिचय
२. उददेश्य
३. समयावधि
४. आवश्यक सामग्रीहरु
५. जिम्मेवारी बाँडफाँड
६. सहयोगी व्यक्ति/निकाय
७. सञ्चालन प्रक्रिया
८. बजेट व्यवस्था
९. अनुगमन
१०. मूल्याङ्कन
११. योजनाको परिभाषा
१२. वर्तमान स्थितिको विश्लेषण
१३. सम्भाव्यता अध्ययन
१४. सिप आदान प्रदान
१५. पृष्ठपोषण
१६. अनुगमन सूचक निर्माण
१७. स्थलगत निरीक्षण
१८. अनुगमन तथा मूल्याङ्कनका साधनहरु र तिनको प्रयोग

| उद्यमशीलता | क्रि.क. नं. ४३ | संवाद | समय : २५ मिनेट |
|---|---|---|---|

व्यवसाय सञ्चालन गर्नु पूर्व बजार व्यवस्थापन सम्बन्धी कुराहरूमा विचार पुऱ्याँउनु आवश्यक हुन्छ। उत्पादन गरिने वस्तु, उत्पादन स्थल, वस्तु खरिद गर्ने मानिस सम्बन्धी कुराहरू व्यवसायीले सोच्नु पर्छ। वस्तुको मूल्य निर्धारण र विक्रीका लागि प्रचार प्रसार गर्न पछि पर्नु हुँदैन। उत्पादन सम्बन्धी योजना समय सापेक्ष बनाउनु पर्छ। व्यवसाय छनोट गर्दा विकल्पहरू समेत लिएर अवसरको लेखाजोखा गर्नु आवश्यक हुन्छ। उत्पादन गर्ने लक्ष्य निर्धारण गर्नु पूर्व पुरक कार्यक्रम र उत्पादनको अनुमान पहिले नै यकिन गर्नुपर्छ। व्यवसाय गर्नका लागि आर्थिक स्रोत अपरिहार्य हुन्छ। यसका लागि पहिले नै बजेट व्यवस्थापन गर्नु अपरिहार्य हुन्छ। जीवन निर्वाहका लागि सबैले कुनै न कुनै व्यवसाय गर्नै पर्ने हुन्छ।

नर्गिस लामा र चैतन्य निरौलाले कर्फोक उच्च मावि इलामबाट एसएलसी परीक्षा दिएका छन्। परीक्षा सकिएर कुरा गर्दै उनीहरू घर फर्किंदै छन्।

नर्गिस : एसएलसी त बल्ल दिइयो। उच्च शिक्षा अध्ययन गर्न मेरो परिवारसँग पैसा छैन के गर्ने होला ?

चैतन्य : आफ्नो पनि उही हाल हो। बरू तिम्रो र मेरो परिवार मिलेर आलु खेती गरौं न हुन्न ? बारी हामीसँग छँदैछ। त्यसै पनि वस्तुभाउ पालेकै छौं। मल छँदैछ। कोदो, फापर र मकैका सट्टामा आलु लगायौं भने राम्रो आम्दानी हुन्छ। अहिले त आलुको भाउ खुब बढेको छ।

नर्गिस : आलु खेती गर्न पनि पैसा त चाहिन्छ। हामीसँग खेती सुरू गर्ने पैसा पनि छैन।

चैतन्य : फिक्कलमा बाणिज्य बैंक र कृषि विकास बैंक छन्। त्यहाँ गएर ऋण लिउँला। ६ महिनाको ब्याजको किस्ता बुझाउने उपाय गरियो भने त्यसपछिका किस्ताहरू त आलु बेचेर नै तिर्न सकिहाल्छौं नि।

नर्गिस : आलु कहाँ बेच्ने नि ?

चैतन्य : हाम्रो बारीको तल मोटर बाटो नै छ त। त्यहाँ तिर्पाल राखेर त्यसको छेउमा “यहाँ उचित मूल्यमा राम्रो आलु पाइन्छ” भन्ने साइनबोर्ड राख्यौं भने गाडीवालाहरूले नै किनेर लैजान्छन्। विर्तामोडतिरका व्यापारीहरूसँग टेलिफोन सम्पर्क गऱ्यौं भने त जति पनि आलु बेच्न सकिन्छ।

नर्गिस् : कस्तो आलु ग्राहकले रूचाउँछन् ? त्यो पनि सोच्नु पर्ला।

चैतन्य : अहिले सर्वत्र रातो आलुको माग छ। फिक्कल मात्र पुऱ्यायौं भने एकै दिनमा सबै आलु बिक्छ।

नर्गिस : आलु कति रूपियाँ किलोले बेच्ने ? अहिले भन्दा पछि भाऊ सस्तो भयो भने के गर्ने ?

चैतन्य : त्यो त लगानी मूल्य जोड्नु पर्छ। लगानी मूल्यमा केही नाफा राखेर मूल्य निर्धारण गर्दा भइहाल्छ।

नर्गिस : आलु खेती गर्ने विचार मलाई पनि राम्रो लाग्यो। अब कसरी गर्ने त ?

चैतन्य : अहिले हाम्रा लागि राम्रो अवसर छ। अहिले आलु रोप्ने सिजन पनि हो। बरू कति बारीमा आलु रोप्ने भन्ने कुरा हाम्रा परिवारमा छलफल गरौंला। मैले अस्ति बासँग प्रसंग मात्र कोट्याएको थिएँ। २० रोपनी बारी मध्ये १५ रोपनीमा आलु लगाउने सल्लाह दिनु भएको थियो। तिमी पनि घर परिवारसँग सल्लाह गर न हुन्न ?

नर्गिस : हाम्रो बुबाले पनि त्यति नै बारीमा आलु लगाउन मान्नु हुन्छ होला। तिम्रो र हाम्रो बारी उतिनै होला नि ? बरू त्यति बारीमा आलु लगायौं भने कति फल्छ होला।

चैतन्य : बारी पनि उतिनै हो । तिम्रो बुबाले पनि मान्नु भयो भने त्यति बारीमा आलु लगाए हुन्छ । आलु राम्रोसँग सप्रियो भने त २० क्विन्टल कसो नफल्ला ? विऊ किन्ने, खनजोत गर्ने, मलजल गर्ने, गोडमेल आदि सबैथोक गरेर २५ हजार जति खर्च लाग्ने रहेछ । आलु लगाउने जग्गामा गहुँ, फापर, मकै लगाउँदा बढीमा २५ हजार आम्दानी हुन्थ्यो । आलु प्रतिकिलो रू. ५० ले मात्र बेच्दा पनि १ लाख हुन्छ । नाफा भएको ७५ हजारले त पढाइ र घर खर्चमा टेवा पुऱ्याउँछ ।

नर्गिस : राम्रो कुरा गऱ्यौं एक वर्ष मै यति कमाइयो भने त सधैं आलु खेती गर्ने नि ।

चैतन्य : आलु खेती गर्न लाग्ने रू. २५ हजार यहि हप्तामा बैंकमा गएर कर्जा लिन बुबालाई भन है । म पनि भन्छु । बैंक जाने दिन बुबाहरूसँग हामी पनि जाउँला ।

| समूह | उदयमका सूचकहरू | पुस्ट्याइँको आधार |
|---|---|---|
| क | • उद्यमबाट उत्पादन हुने वस्तुको सुनिश्चितता<br>• व्यवसाय गर्ने ठाउँको सुनिश्चितता<br>• वस्तु खरिद गर्ने मानिसको सुनिश्चितता | • आलु |
| ख | • मूल्य निर्धारण गर्दा विचार पुऱ्याउने कुराहरू<br>• प्रचार प्रसारको माध्यम | |
| ग | • अवसरको लेखाजोखा<br>• लक्ष्य निर्धारण<br>• पूर्व अनुमान | |
| घ | • कार्यक्रम निर्माण<br>• सही विकल्प चयन<br>• बजेट व्यवस्था | |

**क्रियकलाप** :

एकजना साथीको सहजीकरणमा कक्षालाई चार समूहमा विभाजन गर्नुहोस् । समूहको नाम राख्नुहोस् । प्रत्येक समूहले संबाद भएको एक एकओटा पाना लिनुहोस् । प्रत्येक समूहले एकजना नर्गिस र अर्को चैतन्य भएर आ-आफ्नै समूहमा अभिनय गर्नुहोस् । अभिनय पश्चात आ-आफ्नो समूहले व्यवसाय सञ्चालन गर्दा विचार पुऱ्याउनु पर्ने उद्यमका सूचकहरू भए नभएको छलफल गर्नुहोस् । छ भने त्यसका पुस्ट्याइको आधारहरू पनि लेख्नुहोस् । प्रत्येक समूहले पालैपालो अगाडि आएर ठुलो समूहमा प्रस्तुति गर्नहोस् । सबै समूहको प्रस्तुति पछि छलफल गर्नुहोस् । साथीहरूका जिज्ञासाहरूको समाधान गर्नुहोस् ।

| उद्यमशीलता | क्रि.क. नं. ४४ | व्यवसाय रोजौं | समय : ४५ मिनेट |
|---|---|---|---|

घर वरिपरि तथा समुदायमा सञ्चालन गर्न सकिने उद्यमहरू अनगिन्ती छन् । हामीलाई बजार अध्ययनका आधारमा आफ्ना लागि उपयुक्त हुने व्यवसाय छनोट गर्ने सिप चाहिन्छ । यसलाई सही तरिकाले सञ्चालन गर्न सक्नु पर्छ । जुन सुकै व्यवसाय राम्रो हुन्छ । आफूलाई उपयुक्त हुने गरी यसलाई छान्न सक्नुपर्छ । सानो भनेर व्यवसायप्रति नकारात्मक सोच राख्नु हुँदैन । व्यवसायी बन्नका लागि सधैँ सकारात्मक सोच राखेर परिश्रम गरेमा सफलता प्राप्त गर्न सकिन्छ । कुनै पनि व्यवसायको सम्मान गर्नु नै असल व्यवसायीको धर्म हो । भविष्यमा कुनै न कुनै व्यवसाय गर्नुपर्छ । उद्यम सञ्चालन गर्ने तरिका विद्यालयमा सिक्नु राम्रो हुन्छ । यस्ता सिपहरू विद्यालयमा सिक्नाले पछि आफूलाई व्यवसाय गर्न सहयोग मिल्छ । विद्यालयले पनि सामाजिक, वित्तीय र सामाजिक वित्तीय उद्यमहरूमध्ये कुनै एउटा सञ्चालन गर्नुपर्छ । यो उद्यम विद्यार्थी परिचालन गरेर सञ्चालन गर्नुपर्ने हुन्छ । विद्यालयले सञ्चालन गर्ने यस परियोजनाले विद्यार्थीका लागि सिप विकास गर्ने मौका प्रदान गर्छ । यसले उद्यम गर्न अभिप्रेरित पनि गर्छ । यसो गर्नाले उद्यम सञ्चालन सम्बन्धी जानकारी विद्यार्थी मार्फत् समुदायमा पनि पुग्छन् । उद्यम छनोट गर्दा वातावरणमा नकारात्मक प्रभाव पर्न नहुने, मानिसको स्वास्थ्य बिगार्न नदिने, सामाजिक संस्कार नबिगार्ने र नकारात्मक आर्थिक प्रभाव नपार्ने गरी छनोट गर्नुपर्ने कुरा विद्यालयले सिकाउन सक्छ । यस्ता परियोजनाले करोडपति बन्ने भन्दा पनि उद्यमप्रति आस्था जगाउने र यसका मूल्य तथा मान्यताको सम्मान गर्ने प्रवृत्ति विकास गर्ने उद्देश्य राख्छन् ।

**क्रियाकलाप :**

तिन समूहमा बस्नुहोस् । समूहको नाम राख्नुहोस् । तपाईंको परिवेशमा रहेका व्यवसायहरूको सूची तयार पार्नुहोस् । शिक्षकसँग पनि व्यवसायहरू बारेमा सोध्नुहोस् । तपाईंले बनाएको सूची र शिक्षकले दिनु भएको सूचीहरू मध्येबाट कुनै एउटा व्यवसाय छान्नुहोस् । बजार व्यवस्थापन र व्यवसाय सञ्चालनका लागि उद्यमका सूचकहरू निर्माण गर्नुहोस् । त्यसको आधारमा आफ्नो समूहको उद्यम सञ्चालन गर्ने कार्यक्रम बनाउनुहोस् । यसका लागि चाहिने बजेट योजना पनि बनाउनुहोस् र पालैपालो समूहको तयारी ठुलो समूहमा प्रस्तुत गर्नुहोस् ।

| उद्यमशीलता | क्रि.क. नं. ४५ | तातो आलु खेल | समय : २० मिनेट |
| --- | --- | --- | --- |

जुनसुकै व्यक्ति पनि उद्यमशील हुनै पर्छ । सबैले कुनै न कुनै व्यवसाय गर्नै पर्छ । व्यवसाय सञ्चालनमा धेरै समस्याहरू आउन सक्छन् । यिनीहरूको समाधान गर्न व्यवसायी सक्षम हुनुपर्छ । यस क्रियाकलापमा व्यवसाय सम्बन्धी प्रश्नलाई समस्या र उत्तरलाई समाधानका रूपमा लिइएको छ । सबै साथीले सबै प्रश्नहरूको उत्तर भन्न सकेभने उनीहरूलाई भविष्यमा व्यवसाय गर्न टेवा पुग्छ ।

**क्रियाकलाप :**

कक्षाका सबै विद्यार्थीहरू गोलो घेरामा उभिनुहोस् । शिक्षकले तयार पार्नु भएको यस पाठसँग सम्बन्धित विभिन्न समस्याहरू लेखिएका प्रश्नहरू एउटा बट्टामा राख्नुहोस् । त्यो बट्टामा हातका दुई ओटा औंला मात्र छिर्ने गरी ढाक्नुहोस् । एक जना साथी अगाडि आएर तातो आलु खेलको निर्देशन पढेर सुनाउनुहोस् :

*एक जना विद्यार्थीले स्वयम्सेवकको रूपमा ताली वा मादल बजाउन पर्नेछ । अथवा कुनै गीत बजाउन सुरू गर्नु पर्नेछ । घेरामा रहेका साथीहरूलाई एक एक गर्दै यो प्रश्नको बट्टा पास गर्दै जानु पर्नेछ । ताली/मादल/गीत रोकिँदा प्रश्नको बट्टा जसको हातमा पर्छ उसले त्यहाँबाट एउटा प्रश्न निकालेर त्यसको जवाफ दिई घेराबाट बाहिर निस्कनुपर्छ । फेरि ताली/मादल/गीत बज्न थालेपछि बट्टा घुमाउन सुरू गर्नुपर्छ । रोकिएपछि जसको हातमा बट्टा रहन्छ उसले प्रश्न झिकेर उत्तर दिंदै घेराबाट बाहिर निस्कनु पर्छ । यसरी नै सबै प्रश्न नसकिउञ्जेल यसरी नै खेलिरहनु पर्छ ।*

## जानी राखौं

*असल उद्यमीका गुणहरु*

- योजना तर्जुमा गर्ने क्षमता
- लागत आँकलन गर्ने ढङ्ग
- विकल्प छनोट गर्ने क्षमता
- सही निर्णय गर्न सक्ने खुवि
- प्रतिस्पर्धा गर्ने सक्ने क्षमता
- बजारको माग पहिचान गर्न सक्ने सिप
- जोखिममा पनि काम गर्न सक्ने क्षमता
- परिस्थिति अनुसार समायोजन हुने आदत
- दुरदृष्टि भएको
- वस्तुको मूल्य निर्धारण गर्ने क्षमता भएको
- अवसरको लेखाजोखा गर्न सक्ने
- प्रचार प्रसारका सही तरिका अपनाउन सक्ने
- उत्पादनको पूर्वानुमान गर्न सक्ने
- रणनीतिक योजना बनाउन सक्ने
- पेसाप्रति समर्पित हुने र सम्मान गर्न सक्ने गुण आदि






सन्दर्भ सामग्री :


१. Aflatoun Training Manual - Teacher Training Institute Version

२. Affateen Manual in Partnership with the Master Card Foundation

३. The Aflatoun Series - Book 6, 7, 8

४. Think Money for Elementary School Students and Middle School Students

५. बाल संरक्षण - World education

६. Gender and Relationship - Common Wealth Secretariat

७. पारिवारिक आर्थिक योजना, World Education

८. विद्यालय व्यवस्थापन तालिम (स्रोत सामग्री) - NCED

९. शैक्षिक प्रबद्र्धन, CEIR Nepal

१०. Skills for Health - The World Health Organization

११. विद्यालयमा बाल अधिकार संरक्षण र सम्बद्र्धन - CWISH

१२. बजार व्यवस्थापन - World Education

१३. महिला तथा बालबालिका माथि हुने हिंसा विरूद्ध आधारभूत कानुनी सूचनाहरू - UNICEF

१४. जीवनोपयागी सिप शिक्षक प्रशिक्षण निर्देशिका - NCED

१५. शिक्षामा लैङ्गिक समानताको प्रबद्र्धन - एसिया प्रशान्त क्षेत्रमा शिक्षामा लैङ्गिकता सञ्जाल (जेनिया)

१६. बालमैत्री विद्यालय - बाल केन्द्रित सिकाइ प्रक्रिया, शिक्षक स्रोत सामग्री - NCED

१७. किशोर किशोरीको समग्र विकासको लागि राष्ट्रिय कार्य योजना - राष्ट्रिय योजना आयोग

१८. Social and Financial Skill Package - UNICEF Adept Section

१९. वित्तीय साक्षरता तालिम पुस्तिका - Mercy Corps

२०. वित्तीय साक्षरता तालिम निर्देशिका - नेपाल राष्ट्र बैंक

२१. विद्यार्थीसँग नेपाल राष्ट्र बैंक - नेपाल राष्ट्र बैंक